## कर्णाली प्रदेश योजना आयोगको

# वार्षिक प्रगति प्रतिवेदन

### आ.व. २०८२/८३




कर्णाली प्रदेश सरकार

## कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

## कर्णाली प्रदेश योजना आयोगको

# वार्षिक प्रगति प्रतिवेदन

## (आर्थिक वर्ष २०८२/८३)

कर्णाली प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

श्रावण, २०८३

## कर्णाली प्रदेश योजना आयोगका आ.व. २०८२/८३ मा रहनुभएका पदाधिकारीहरूको विवरण



माननीय मुख्यमन्त्री एवम् अध्यक्ष
श्री यामलाल कडेल



माननीय उपाध्यक्ष
श्री सूर्यनाथ योगी



माननीय सदस्य
श्री अशोकनाथ योगी



माननीय सदस्य
श्री डम्बर बहादुर रावल



प्रमुख सचिव एवम् सदस्य
श्री वीरेन्द्र कुमार यादव



सदस्य सचिव
श्री लीला प्रसाद शर्मा

# कर्णाली प्रदेश योजना आयोगका आ.व. २०८२/८३ मा कार्यरत कर्मचारीहरूको विवरण



प्रशासकीय प्रमुख (उपसचिव)
श्री गोपाल के.सी



तथ्याङ्क अधिकृत
श्री हरि बहादुर घर्ती



शाखा अधिकृत
श्री मितलेश कुमार यादव



शाखा अधिकृत
श्री सुर्य नेपाली



लेखा अधिकृत
श्री तिलक प्रसाद सापकोटा



प्रशासकीय अधिकृत
श्री सर्मिला थापा



कम्प्युटर अधिकृत
श्री भुवन कँडेल



प्रशासकीय अधिकृत
श्री फणिन्द्र प्रसाद शर्मा पौडेल



खरिदार
श्री उपेन्द्र न्यौपाने



हलुका सवारी चालक
श्री मोहन कुमार थापा



हलुका सवारी चालक
श्री चक्र बहादुर जि.सी



हलुका सवारी चालक
श्री राकेश कुमार चौधरी



कार्यालय सहयोगी
श्री उस बहादुर सिंह



कार्यालय सहयोगी
श्री निर्मल अधिकारी



माली
श्री दिपक बुढा

# प्राक्कथन

कर्णाली प्रदेश योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन, मध्यकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेशस्तरका महत्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन एवं मूल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकताअनुसार सल्लाह सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा कार्य गर्ने जिम्मेवारी प्रदेश योजना आयोगको रहेको छ। तथ्यपरक नीति र योजना तर्जुमा, अध्ययन अनुसन्धान, अनुगमन मूल्याङ्कन तथा लगानी सम्मेलनको आयोजना गर्ने लगायतका जिम्मेवारी प्रदान गरेको छ । यसै क्रममा आयोगले कर्णाली प्रदेशको आवश्यकता र प्राथमिकता तय गर्नुका साथै दोस्रो पञ्चवर्षीय योजना निर्माण भई कार्यान्वयनको क्रममा रहेको छ । पञ्चवर्षीय योजनाले तय गरेअनुरुप नै प्रदेश गौरवका महत्त्वका बहुवर्षीय आयोजनाहरू पनि तय भई कार्यान्वयनका चरणमा छन् । प्रदेश रङ्गशाला, राजधानी पूर्वाधार, प्रदेश अस्पताल लगायत केही बहुवर्षीय आयोजनाबाट अपेक्षित परिणामहरू समेत देखिन थालेका छन् । रोजगारी सिर्जना, सामाजिक सुरक्षा, स्वास्थ्य क्षेत्र, कृषि उत्पादन लगायतका क्षेत्रमा सकारात्मक प्रभावहरू देखिन थालेका छन् ।

आर्थिक वर्ष २०८२/८३ को शुरुवात सँगसँगै योजना आयोगले पूर्णता पाए पश्चात कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथगा छनोट सम्बन्धी कार्यविधि, २०८२, कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२ जस्ता कार्यविधि र मापदण्ड निर्माण, कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको निर्माण गरी आयोजनाहरू उक्त प्रणालीबाटै छनोट, योजना तर्जुमा, अनुगमन मूल्याङ्कन र अध्ययन अनुसन्धानका क्षेत्रमा कार्यहरू भएका छन् । त्यसैगरी बजेट संशोधन र रकमान्तर, मध्यमकालीन खर्च संरचना तयार तथा प्रकाशन, बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम, विकास परिषद्को बैठक, प्रदेश विकास समस्या समाधान समितिको बैठक लगायतका अन्य नियमित कामहरू सम्पन्न भएका छन् । यस बाहेक माननीय मुख्यमन्त्रीज्यूको निर्देशन बमोजिम प्रदेश सरकारको नीति तथा कार्यक्रम तयार गर्न योजना आयोगको तर्फबाट विशेष भूमिका निर्वाह गरिएको थियो ।

योजना आयोगका कामकारवाहीलाई अघि बढाउन हामीलाई अविभावकत्व तथा निर्देशन गर्नुहुने माननीय मुख्यमन्त्री तथा आयोगका अध्यक्ष यामलाल कडेलज्यू लगायत सम्पूर्ण माननीय मन्त्रीज्यूहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । काममा अहोरात्र खट्नु हुने योजना आयोगका माननीय सहस्यहरू अशोकनाथ योगी र डम्बर बहादुर रावल तथा महत्त्वपूर्ण राय सुझाव प्रदान गर्नु हुने प्रमुख सचिव वीरेन्द्र कुमार यादव, आयोगका सदस्य सचिव तथा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव क्रमश: रविलाल शर्मा, यज्ञ पुरी र लीला प्रसाद शर्मा लगायत सबै मन्त्रालयका सचिवज्यूहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । वार्षिक प्रतिवेदनको मस्यौदा लेखनमा खट्नुहुने आयोगका प्रशासकीय प्रमुख गोपाल के.सी. लगायत आयोगका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा यो प्रगति प्रतिवेदन अध्ययन गरी आगामी दिनमा थप सुधारका लागि सुझाव प्रदान गर्नुहुन सबैलाई हार्दिक अनुरोध छ ।

**मा. सूर्यनाथ योगी**
**उपाध्यक्ष**

कर्णाली प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या - २०८३/८४ चलानी संख्या :

माननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

**विषय: आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन सम्बन्धमा।**

प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरूको अनुगमन एवं मूल्याङ्कन गरी प्राप्त सूचनाहरूको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश २०७५ को परिच्छेद-२ को दफा ६ को खण्ड 'क' (८) अनुसार वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ।

कर्णाली प्रदेश योजना आयोगले आ.व २०८२/८३ मा सम्पादन गरेका प्रमुख कार्यहरूसहितको विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू समक्ष पेश गरिएको व्यहोरा सादर अनुरोध छ।

**श्री लीला प्रसाद शर्मा**
**सदस्य सचिव**

ठेगानाः- वीरेन्द्रनगर-८, बुलबुले गेट, सुर्खेत
सम्पर्क नं.:- ०८३-५२१६७६, ५२४८१६
Email :- ppckarnali@gmail.com
Website:- kppc.karnali.gov.np

कर्णाली प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

## सम्पादकको कलमबाट

दीर्घकालीन नीति, योजना निर्माण र विकास व्यवस्थापनमा सहयोग गर्ने उद्देश्यले २०७५ सालमा स्थापना गरिएको कर्णाली प्रदेश योजना आयोगले गत आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश योजना आयोग गठन आदेश, २०७५ सम्बद्ध अन्य सङ्घीय तथा प्रादेशिक कानुनहरू समेतको परिधिमा रही भए/गरेका कार्यहरूलाई समेटेर यस कर्णाली प्रदेश योजना आयोगको वार्षिक प्रगति प्रतिवेदन २०८२/८३ तयार गरी प्रकाशन गरेको छ।

कर्णाली प्रदेशमा प्रथम पञ्चवर्षीय योजनाको अवधि समाप्त भएको अवस्थामा 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी' को दीर्घकालीन सोचको मार्गचित्रसहित 'कर्णालीको सोच २१००', कर्णाली विकासको मोडेल लगायत समेटेर कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना २०८१/८२ देखि २०८५/८६ तयार गरी प्रकाशन गरेको छ। साथै, मध्यमकालीन खर्च संरचना २०८३/८४-२०८५/८६, कर्णाली प्रदेशको आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा समावेश भएका आयोजनाहरुको सङ्ग्रह (आर्थिक वर्ष २०८२।८३), कर्णाली प्रदेशको बहुवर्षीय आयोजनाहरुको विवरण पुस्तिका (आर्थिक वर्ष २०८२।८३) तयार गरी प्रकाशन गरेको छ। कर्णालीका विकासमा सहयोग गर्ने गरी कर्णाली विकास समस्या समाधान समितिको जम्मा ३ वटा बैठक बसी ५१ बुँदे निर्णयसमेत गरेको छ। कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना २०८१/८२-२०८५/८६ को कार्यान्वयन कार्ययोजना तयार गरी आयोगबाट स्वीकृत भएको छ। कर्णाली प्रदेश योजना आयोगको ११ (एघार) वटा बैठकमा विभिन्न १३ वटा निर्णयहरु भएका छन्।

यस प्रदेशको आयोजना छनोट प्रणालीलाई सुव्यवस्थित गर्न 'आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२' समेत संशोधन एवम् 'आयोजना बैंक सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२' कार्यान्वयनमा ल्याएको छ। आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीका माध्यमबाट आयोजना बैंकलाई बाध्यकारी गरिएको छ।

बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन, विकासका लागि विधायक कार्यक्रम, दिगो विकास सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएका छन्। कर्णाली प्रदेश विकास परिषद्को चौंथो बैठक बसी ३ बुँदे निर्णय गरिएको छ। कर्णाली प्रदेशमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति प्रक्रियालाई क्रमिक सुधार गरिएको छ। यस आ.व.मा विषयगत मन्त्रालयका ११५ आयोजनालाई बहुवर्षीय स्रोत सहमति प्रदान गरिएको छ। प्रदेशमा नीति, योजना, बजेट तथा कार्यक्रमलाई प्रभावकारी बनाउन समय समयमा माननीय उपाध्यक्षज्यू, माननीय सदस्यज्यू तथा प्रशासकीय प्रमुखज्यू समेतको नेतृत्वमा अनुगमन, मूल्याङ्कन गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्ने गरिएको छ र विषयगत मन्त्रालयका विभिन्न फोरमहरूमा सुझावहरू समेत प्रदान गर्ने गरिएको छ।

कर्णाली प्रदेश योजना आयोगले गत आर्थिक वर्षमा सम्बद्ध कानुनले निर्देशित गरेका र अन्य विभिन्न कार्यहरू सम्पादन गर्न तथा आयोगको वार्षिक योजना, बजेट तथा कार्यक्रम कार्यान्वयनमा नीतिगत मार्गदर्शन तथा कार्यान्वयनको उपयुक्त वातावरण निर्माण गरिदिनुभएकोमा कर्णाली प्रदेश योजना आयोगका अध्यक्ष एवं माननीय मुख्यमन्त्रीज्यू, माननीय उपाध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, प्रमुख सचिवज्यू, आयोगका सदस्य सचिवज्यू र विषयगत मन्त्रालयका प्रदेश सचिवज्यू प्रति आभारी छौँ। विगत र हालसम्म विभिन्न शाखामा कार्यरत कर्मचारी मित्रहरू विशेष गरी यो प्रगति प्रतिवेदन तयारीमा खटिनुहुने कम्प्युटर अधिकृत श्री भुवन कँडेलसमेतलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

*जय कर्णाली, जय कर्णालीवासी।*

**गोपाल के.सी.**

**प्रशासकीय प्रमुख (उप सचिव)**

# विषय सूची


| विषय | | पृष्ठ नं. |
|---|---|---|
| १. | कर्णाली प्रदेशको संक्षिप्त परिचय | १ |
| | १.१ पृष्ठभूमि तथा नामकरण | १ |
| | १.२ भौगोलिक अवस्थिति तथा धरातलीय स्वरूप | १ |
| | १.३ ऐतिहासिक तथा सांस्कृतिक विरासत | १ |
| | १.४ जनसाङ्ख्यिक स्थिति, जाति र भाषा | २ |
| | १.५ प्रशासनिक विभाजन | २ |
| | १.६ आर्थिक स्थिति | २ |
| | १.७ अवसर र चुनौतीहरू | ३ |
| २. | कर्णाली प्रदेश योजना आयोगको परिचय | ३ |
| ३. | कर्णाली प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकार | ४ |
| ४. | प्रतिवेदनको पृष्ठभूमि | ५ |
| ५. | प्रतिवेदनको उद्देश्य | ५ |
| ६. | आयोगले आ.व. २०८२/०८३ मा गरेका प्रमुख कार्यहरू | ६ |
| | (क) योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी | ६ |
| | (ख) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी | ८ |
| | (ग) समन्वय/सहकार्य सम्बन्धी | ९ |
| | (घ) अध्ययन अनुसन्धान सम्बन्धी | १० |
| | (ङ) बहुक्षेत्रीय पोषण कार्यक्रम | ११ |
| | (च) अन्य महत्वपूर्ण कार्यहरू | १२ |
| ७. | आयोगका विभिन्न समितिहरूको बैठक र महत्त्वपूर्ण निर्णयहरू | १३ |
| | ७.१ कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) बमोजिमको कर्णाली प्रदेश योजना आयोगको बैठक | १३ |
| | ७.२ कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ७ बमोजिमको प्रदेश विकास परिषद्को बैठक | ३४ |
| | ७.३ कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को दफा ३ को उपदफा (१) बमोजिमको विकास समस्या समाधान समितिको वैठक | ३४ |
| | ७.४ कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को दफा ४ को उपदफा (१) बमोजिमको विकास समस्या समाधान उप-समितिको वैठक | ५४ |

७.५ कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ को दफा ४ को उपदफा (१) बमोजिमको निर्देशक समितिको बैठक ५४

७.६ कर्णाली प्रदेश आयोजना बैङ्क (व्यवस्थापन तथा कार्यसञ्चालन) सम्बन्धी मापदण्ड २०८२ को दफा ११ को उपदफा (१) बमोजिमको निर्देशक समितिको बैठक ५६

७.७ कर्णाली प्रदेश आयोजना बैङ्क (व्यवस्थापन तथा कार्यसञ्चालन) सम्बन्धी मापदण्ड २०८२ को दफा १० बमोजिमको उप-समितिको बैठक ५६

७.८ आयोजनाको प्रस्ताव तथा छनोट प्रकृया सम्बन्धी कार्यविधि २०८१ (संशोधन सहित) दफा ९ को उपदफा (१) बमोजिमको समितिको बैठक ५६

७.९ कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन २०७५ को भाग ४ को उपभाग ४.४.२. को खण्ड (क) बमोजिमको निर्देशक समितिको बैठक ५६

७.१० कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन २०७५ को भाग ३ को उपभाग ३.१ को क्र.सं.१ बमोजिम आवधिक योजनाको कार्यान्वयन कार्ययोजना तर्जुमा सम्बन्धी तयारी बैठक ५६

७.११ कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन २०७५ को भाग ३ को उपभाग ३.२. को खण्ड (ख) बमोजिमको विषय क्षेत्रगत समितिको बैठक ५७

७.१२ कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन २०७५ को भाग ४ को उपभाग ४.४.२. को खण्ड (ग) बमोजिमको प्राविधिक समितिको बैठक संख्या ५७

७.१३ प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक ५७

८. कार्य सम्पादनबाट भएका उपलब्धी ५८

(क) वजेट विनियोजन र खर्च प्रतिशत ५८

(ख) कार्यक्रमगत खर्च तथा प्रगति ५८

(ग) थप उपलब्धी ६१

९. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या/चुनौतीहरू ६४

१०. आयोगको सिकाईहरू ६४

११. आगामी आर्थिक वर्षमा सुधारका कदमहरू ६५

अनुसूची-१ ६६

अनुसूची-२ ६७

अनुसूची-३ ६८

अनुसूची-४ ६९

अनुसूची-५ ७०

अनुसूची-६ ७१

# १. कर्णाली प्रदेशको संक्षिप्त परिचय

## १.१ पृष्ठभूमि तथा नामकरण

नेपालको संविधान बमोजिम २०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको एक प्रमुख प्रादेशिक एकाइका रूपमा कर्णाली प्रदेशको गठन भएको हो । साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रका पहाडी तथा हिमाली जिल्लाहरूलाई समेटेर निर्माण गरिएको यस प्रदेशको नामकरण यहाँको जीवनरेखा मानिने प्रसिद्ध कर्णाली नदीको नामबाट गरिएको हो । वि.सं. २०७४ फागुन १३ गते बसेको प्रथम प्रदेश सभा बैठकले यस क्षेत्रको प्राकृतिक र सांस्कृतिक पहिचानलाई आत्मसात् गर्दै सर्वसम्मत रूपमा 'कर्णाली प्रदेश' नाम पारित गरेको थियो । यस प्रदेशको प्रशासनिक केन्द्र तथा राजधानी सुर्खेतको वीरेन्द्रनगरमा अवस्थित छ, जुन यस क्षेत्रको व्यापारिक र शैक्षिक केन्द्र पनि हो ।

## १.२ भौगोलिक अवस्थिति तथा धरातलीय स्वरूप

भौगोलिक क्षेत्रफलका आधारमा कर्णाली प्रदेश नेपालको सबैभन्दा ठुलो प्रदेश हो । कुल ३०,२११ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस प्रदेशले देशको कुल भूभागको करिब २० प्रतिशत हिस्सा ओगटेको छ । यसको सिमाना उत्तरमा चीनको तिब्बत स्वायत्त क्षेत्र, पूर्वमा गण्डकी प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेश र दक्षिणमा लुम्बिनी प्रदेशसँग जोडिएको छ । भौगोलिक रूपमा यो प्रदेश अत्यन्तै विविध र विष्मयकारी छ । यहाँको धरातलीय उचाइ समुद्र सतहबाट सबैभन्दा होचो भू-भाग जामु कुइने (१८० मिटर) देखि सुरु भई उत्तरतर्फ डोल्पा जिल्लाको चुरेन हिमाल (७,३४८ मिटर) सम्म पुग्दछ ।

यस प्रदेशले नेपालको उच्च हिमाली र पहाडी शृङ्खलाहरूको ठुलो हिस्सा ओगटेको छ, जसमा कुबी गाङ्ग्री, चाङ्ला र कान्जिरोबा जस्ता हिमशिखरहरू पर्दछन् । प्राकृतिक सम्पदाका दृष्टिकोणले यो प्रदेश अद्वितीय छ । नेपालकै सबैभन्दा ठुलो र प्रसिद्ध रारा ताल (मुगु) तथा सबैभन्दा गहिरो फोक्सुण्डो ताल (डोल्पा) यसै प्रदेशका अमूल्य गहना हुन् । देशकै सबैभन्दा ठुलो शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जले यहाँको जैविक विविधताको संरक्षण गरेको छ भने नेपालको सबैभन्दा लामो नदी कर्णाली र यसका सहायक नदीहरू सेती तथा भेरीले यस क्षेत्रको जलस्रोतको विशाल सम्भावनालाई प्रतिनिधित्व गर्दछन् ।

## १.३ ऐतिहासिक तथा सांस्कृतिक विरासत

कर्णाली प्रदेशको इतिहास केवल पुरानो मात्र नभई नेपाली सभ्यता र भाषाको जग पनि हो । जुम्ला, सुर्खेत र दैलेखमा फेला परेका पुरातात्विक अवशेषहरूका अनुसार ११औँ शताब्दीमा यहाँ शक्तिशाली खस राज्यको उदय भएको थियो, जसको हिउँदे र वर्षे राजधानी जुम्लाको सिंजा उपत्यका र दैलेखको दुल्लु क्षेत्रमा रहेको थियो । सिंजा उपत्यकालाई नेपाली (खस) भाषाको उद्गमस्थल मानिन्छ । १३औँ र १४औँ शताब्दीमा यो साम्राज्य पश्चिममा गढवाल, उत्तरमा तिब्बत र दक्षिणमा तराईसम्म फैलिएको विशाल राज्य थियो । १४औँ शताब्दीको उत्तरार्धमा खस साम्राज्यको पतन भएपछि यो क्षेत्र कर्णाली-

भेरी क्षेत्रका साना 'बाइसे राज्यहरू'मा विभाजित भयो । पछि वि.सं. १८०१ देखि १८६६ को अवधिमा आधुनिक नेपालको एकीकरण अभियानका क्रममा यी राज्यहरू नेपाल राष्ट्रमा समाहित भएका थिए ।

## १.४ जनसाङ्ख्यिक स्थिति, जाति र भाषा

राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशको कुल जनसङ्ख्या १६,८८,४१२ रहेको छ, जसमा महिलाको सङ्ख्या पुरुषको तुलनामा केही बढी छ । भौगोलिक रूपमा सबैभन्दा ठुलो भए पनि जनसङ्ख्याका हिसाबले यो नेपालकै सबैभन्दा सानो प्रदेश हो, जहाँ देशको कुल जनसङ्ख्याको जम्मा ५ प्रतिशत मानिस मात्र बसोबास गर्दछन् । यहाँको जनघनत्व प्रति वर्ग किलोमिटर जम्मा ६० जना रहेको छ, जुन हिमाली भेगमा अझ पातलो छ । यस प्रदेशको समग्र साक्षरता दर ७६.१ प्रतिशत पुगेको छ ।

जातीय बनावटको दृष्टिले यहाँ खस समुदायको विशाल बाहुल्यता रहेको छ, जसले कुल जनसङ्ख्याको करिब ७२ प्रतिशत हिस्सा ओगटेको छ । एकल जातिको रूपमा क्षेत्रीहरू (१६.४५%) सबैभन्दा ठुलो समूह हुन् भने खस ब्राह्मण पहाड जाति (११.२९%) दोस्रो ठुलो स्थानमा छन् । यसबाहेक मगर, थारु, तामाङ, विश्वकर्मा, मुसलमान र नेवारहरूको पनि यहाँ उल्लेख्य उपस्थिति छ ।

भाषाका क्षेत्रमा ४४.८६ प्रतिशत नागरिकले आफ्नो पहिलो भाषाका रूपमा नेपाली (खस) भाषा बोल्दछन् । स्थानीय स्तरमा यसलाई खस वा जुम्ली भाषा पनि भनिन्छ । खस भाषाका अतिरिक्त यहाँ मगर भाषा पनि बोलिन्छ र भाषा आयोगले यसलाई प्रदेशको अतिरिक्त कामकाजको भाषाका रूपमा सिफारिस गरेको छ । धार्मिक रूपमा यहाँ ८१.२% हिन्दु, ८.२१% बौद्ध र ५.०९% इसाई धर्मावलम्बीहरू सद्भावपूर्वक बसोबास गरिरहेका छन् ।

## १.५ प्रशासनिक विभाजन

प्राकृतिक तथा प्रशासनिक सुगमताका लागि कर्णाली प्रदेशलाई १० वटा जिल्लाहरूमा विभाजन गरिएको छ । यी जिल्लाहरू अन्तर्गत २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी कुल ७९ वटा स्थानीय तहहरू क्रियाशील छन्, जसमा जम्मा ७१८ वटा वडाहरू रहेका छन् । जनसङ्ख्या र सहरीकरणका आधारमा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका यस प्रदेशको ५०,००० भन्दा बढी जनसङ्ख्या भएको एक मात्र प्रमुख सहर र प्रशासनिक केन्द्र हो । भूगोलका हिसाबले डोल्पा र हुम्ला देशकै ठुला र विकट जिल्लाहरू हुन् भने सल्यान, सुर्खेत र दैलेख पहाडी क्षेत्रका सुगम र जनघनत्व बढी भएका जिल्लाहरू हुन् ।

## १.६ आर्थिक स्थितिः

आर्थिक वर्ष २०८२।०८३ मा कर्णाली प्रदेशको वार्षिक आर्थिक वृद्धिदर २.९४ प्रतिशतको हाराहारीमा रहे पनि देशको कुल गार्हस्थ्य उत्पादन (GDP) मा यसको योगदान सबैभन्दा कम अर्थात् ४.२ प्रतिशत मात्र छ । भौगोलिक विकटता र पूर्वाधारको अभावका कारण यो प्रदेश आर्थिक रूपमा केही पछाडि

परेको देखिन्छ । यहाँका २६.७ प्रतिशत नागरिक निरपेक्ष गरिबीको रेखामुनि छन् भने ३९.५ प्रतिशत जनसङ्ख्या बहुआयामिक गरिबीको चपेटामा रहेका छन्, जुन देशकै उच्चतम दर हो ।

### १.७ अवसर र चुनौतीहरूः

कर्णाली प्रदेशमा आर्थिक समृद्धिका प्रचुर सम्भावनाहरू लुकेका छन् । कृषि क्षेत्रमा यो प्रदेश नेपालकै सबैभन्दा ठुलो जौ उत्पादक क्षेत्र हो, जसले देशको कुल जौ उत्पादनको ४३ प्रतिशत हिस्सा ओगट्दछ । हिमाली भेगमा उत्पादित उच्च गुणस्तरको स्याउ, ओखर र मार्सी चामलको बजार व्यवस्थापन तीव्र रूपमा भइरहेको छ । बहुमूल्य जडीबुटी (जस्तै यार्सागुम्बा, पाँचऔंले), जलविद्युत्को अथाह भण्डार र रारा-फोक्सुण्डो जस्ता विश्वप्रसिद्ध पर्यटकीय गन्तव्यहरू नै कर्णालीको आर्थिक रूपान्तरणका मुख्य आधारस्तम्भ हुन् ।

## २. कर्णाली प्रदेश योजना आयोगको परिचय

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेश योजना आयोगको गठन गरेको हो । प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरूको अनुगमन एवं मूल्याङ्कन गरी प्राप्त सूचनाहरूको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा कार्य गर्ने योजना आयोगको मूल उद्देश्य रहेको छ । आयोगमा कर्णाली प्रदेशका मुख्यमन्त्री अध्यक्ष, प्रदेश सरकारबाट नियुक्त एक जना विज्ञ उपाध्यक्ष, प्रदेश सरकारबाट नियुक्त बढीमा दुईजना विज्ञ सदस्य, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव सदस्य र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य-सचिव रहने व्यवस्था छ । आयोगमा तीनजना विज्ञहरू पूर्णकालीन सदस्य हुन्छन भने बाँकी पदाधिकारीहरू पदेन सदस्यको रुपमा रहन्छन् ।

वि.सं. २०७५/०८/०९ गते आयोगको प्रथम बैठक बसी आयोगले आफ्नो कार्य प्रारम्भ गरेको हो । आयोग गठन पश्चात् कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७५/७६–२०८०/८१), कर्णाली प्रदेशको पार्श्वचित्र २०७६, कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ निर्माण, दिगो विकास लक्ष्य सूचकहरूको स्थानीयकरण श्रोत पुस्तिका प्रकाशन, मध्यमकालीन खर्च संरचना प्रकाशन, दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) निर्माण एवम् प्रकाशन, दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयन कार्ययोजना तर्जुमा, कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२, कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२ निर्माण लगायतका कार्यहरू गरेको छ । प्रदेशस्तरीय विकास समस्या समाधान समिति र विकास परिषदको बैठक समेत आयोगले सञ्चालन गरेको छ । विकास साझेदाहरूसँग समन्वयात्मक बैठक बसी साझेदारहरूको परिचालनमा समेत नेतृत्व लिएको थियो । आयोगले हाल आफ्नो नियमित कार्यक्रमका अतिरिक्त कर्णाली प्रदेशमा बहुक्षेत्रीय पोषण कार्यक्रम समेत सञ्चालन गर्दछ ।

## ३. कर्णाली प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकार

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ ।

### (क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा सम्बन्धी

(१) प्रदेशको समग्र समृद्धिका लागि दुरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने,

(२) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनको क्षेत्रमा रणनीति प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(३) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने,

(४) प्रादेशिक स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने वा गर्न लगाउने,

(५) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(६) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने गराउने,

(७) प्रादेशिक योजनाको अध्यावधिक विवरण खुल्ने स्थिति पत्र तयार गर्ने,

(८) योजनाको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने ।

### (ख) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी

(१) अनुगमन, मूल्याङ्कन मापदण्ड, कार्यविधि र ढाँचा बनाउने,

(२) कर्णाली प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागु गरी संस्थागत गराउने,

(३) मूल्याङ्कन लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने,

(४) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारी बीच सञ्चालनको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गरी विशेषज्ञताको विकास गर्ने गराउने ।

**(ग) तहगत समन्वय सम्बन्धी**

(१) प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सुहयोग र सहजीकरण गर्ने ।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी**

(१) प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तराष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लाग तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने,

(४) लगानीका लागि आवश्यक समन्वय, परामर्श गरी लगानीको वातावरण तयार गर्ने ।

## ४. प्रतिवेदनको पृष्ठभूमि

प्रदेश सरकारलाई योजना तथा विकास सम्बन्धी सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको गठन भएको हो । आयोगले प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरूको अनुगमन एवं मुल्याङ्कन गरी प्राप्त सूचनाहरूको अध्ययन एवं विश्लेषण गरिरहेको छ । कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २२ को उपदफा (१),(२),(३) र (४) अनुसार आर्थिक बर्ष २०८२/८३ मा आयोगले सञ्चालन गरेका मुख्य क्रियाकलापहरू समेटेर यो बार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।

## ५. प्रतिवेदनको उद्देश्य

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २२ अनुसार कर्णाली प्रदेश योजना आयोगले आ.व. २०८२/०८३ मा सञ्चालन गरेका क्रियाकलापहरूको विवरण, कार्य गर्दा हासिल गरेका अनुभवहरू र भविष्यका लागि सुझावहरू समावेश भएको बार्षिक प्रगति प्रतिवेदन कर्णाली प्रदेश सरकारलाई पेश गर्ने ।

## ६. आयोगले आ.व. २०८२/०८३ मा गरेका प्रमुख कार्यहरू

### (क) योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी

- कर्णाली प्रदेश योजना आयोगले आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न प्रमुख कार्य अन्तर्गत कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२–२०८५/०८६) को कार्यान्वयन कार्ययोजना तर्जुमाका लागि प्रदेश विकास परिषद्, विकासका लागि विधायक कार्यक्रमबाट सुझाव संकलन गरियो । कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन २०७५ को भाग ४ को उपभाग ४.४.२. को खण्ड (क) बमोजिमको निर्देशक समितिको मिति २०८३।०३।३२ गतेको बैठकले कार्यान्वयन कार्ययोजना स्वीकृत गरेको छ ।

- प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माणसँग सम्बन्धित आयोजनाको पहिचान, प्रस्ताव, विश्लेषण, मूल्याङ्कन, प्राथमिकीकरण र छनोट प्रक्रियालाई वस्तुनिष्ठ एवम् माग र आवश्यकतामा आधारित बनाई उपलब्ध स्रोत साधनको उच्चतम उपयोग हुने गरी विनियोजन कुशलता कायम गर्न र आयोजना छनोट प्रक्रियामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहिता बढाउदै आयोजना अनुशासन कायम गरी समग्र आयोजना छनोट प्रक्रियालाई व्यवस्थित, प्रणालीबद्ध तथा संस्थागत गर्न कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा १७ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

- कर्णाली प्रदेश सरकार माननीय मुख्यमन्त्री तथा कर्णाली प्रदेश योजना आयोगका अध्यक्ष श्री यामलाल कडेलज्यूको अध्यक्षतामा मिति २०८२।१२।०९ गते बसेको बैठकबाट "कर्णाली प्रदेश आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२" स्वीकृत गरिएको छ । यस मापदण्डमार्फत प्रदेशस्तरीय आयोजना व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउन आवश्यक कार्यपद्धति निर्धारण गरिएको छ। आयोजना बैंकमा समावेश हुने आयोजनाको छनोट, मूल्यांकन, प्राथमिकता निर्धारण, दर्ता, अद्यावधिक र व्यवस्थापन सम्बन्धी स्पष्ट व्यवस्था गरिएको यस मापदण्डले प्रदेश सरकारको आयोजना छनोट प्रक्रिया थप व्यवस्थित, तथ्यपरक र उत्तरदायी हुने अपेक्षा गरिएको छ ।

- आर्थिक वर्ष २०८१/८२ देखि विकास भई कार्यान्वयनमा आएको कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) गत आर्थिक वर्षमा समेत निरन्तर सञ्चालनमा रहेको र उक्त प्रणालीमा हालसम्म प्रविष्टी भएका आयोजनाहरूमध्ये ५० लाखभन्दा माथिका ३४४५ वटा आयोजना र ५० लाखभन्दा साना (प्रोजेक्ट रोस्टर) १२७४६ वटा आयोजना समावेश भएका छन् । यिनै आयोजना बैंकमा प्रविष्टि भएका आयोजनामध्येबाट आगामी आ.व. २०८३/८४ का लागि आवश्यक आयोजना छनोट गरी वार्षिक विकास कार्यक्रममा समावेश गरिएको छ ।

| आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) मा समावेश भएका आयोजनाको विवरणः | | | | |
|---|---|---|---|---|
| सि. नं. | निकाय/मन्त्रालयको नाम | रोष्टर प्रोजेक्ट | प्रोजेक्ट बैङ्क | |
| | | | समावेश | प्रमाणित (Approved) |
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५२ | ४ | ४ |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ० | ० | ० |
| ३ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | ४४४ | १६३९ | १६१८ |
| ४ | सामाजिक विकास मन्त्रालय | १२८० | ७६४ | ७४० |
| ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६२९७ | ८७ | ८७ |
| ६ | उर्जा तथा जलस्रोत विकास मन्त्रालय | ३४२३ | १००० | ९८८ |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १२५० | ११ | ८ |
| ८ | प्रदेश सभा सचिवालय | ० | ० | ० |
| ९ | प्रदेश लोक सेवा आयोग | ० | ० | ० |
| १० | मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | ० | ० |
| **जम्मा** | | **१२७४६** | **३५०५** | ३४४५ |

कर्णाली प्रदेश आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२ को दफा १० बमोजिम आयोजनाको विवरण तथा कागजात परीक्षण उपसमितिले निर्देशक समिति समक्ष पेश गरेका आयोजनाहरुको विवरण (आर्थिक वर्ष २०८२/०८३):-

| सि. नं. | मन्त्रालयको नाम | जिल्ला | | | | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दैलेख | डोल्पा | हुम्ला | जाजरकोट | जुम्ला | कालिकोट | मुगु | रुकुम पश्चिम | सल्यान | सुर्खेत | |
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ४ |
| २ | सामाजिक विकास मन्त्रालय | १७८ | २७ | ११९ | २३ | २१ | ७ | ४० | १११ | ५८ | १५६ | ७४० |
| ३ | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | १४५ | ६० | २७ | ० | ४ | १०६ | ६० | १७७ | ११३ | २९६ | ९८८ |
| ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ |

| सि. नं. | मन्त्रालयको नाम | जिल्ला | | | | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दैलेख | डोल्पा | हुम्ला | जाजरकोट | जुम्ला | कालिकोट | मुगु | रुकुम पश्चिम | सल्यान | सुर्खेत | |
| ५ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | २१६ | १२० | ८३ | ८० | ६६ | ६६ | १७३ | २१९ | १६८ | ४२७ | १६१८ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २५ | ० | १ | ३ | २४ | ४ | ४ | १ | ५ | २० | ८७ |
| | **कुल जम्मा** | **५७३** | **२०७** | **२३०** | **१०६** | **११५** | **१८३** | **२७७** | **५०८** | **३४४** | **९०२** | **३४४५** |

- मध्यमकालीन खर्च संरचना २०८३/८४ देखि २०८५/८६ निर्माणका लागि मन्त्रालय/केन्द्रीय निकायबाट प्रणालीमार्फत प्राप्त भएका विवरणका आधारमा सबै मन्त्रालयहरूको त्रि-वर्षीय मध्यमकालीन खर्च संरचना (MTEF) पुस्तक तयार गरी प्रकाशन गरिएको छ । यसले प्रदेश सरकारलाई बजेट पूर्वानुमान, स्रोत परिचालन, खर्च प्राथमिकता निर्धारण तथा दीर्घकालीन योजनासँग बजेट कार्यान्वयनलाई जोड्न महत्त्वपूर्ण योगदान पुर्‍याएको छ ।
- कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) र मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF-MIS) को प्रभावकारी सञ्चालनका लागि प्रदेशका विषयगत मन्त्रालयका सम्बन्धित फोकल पर्सनहरूलाई लक्षित गरी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ । यस अभिमुखीकरणमार्फत प्रणालीहरूको प्रयोगबारे आवश्यक प्राविधिक जानकारी, प्रयोग प्रक्रिया र कार्यसम्पादनमा ध्यान दिनुपर्ने पक्षहरूबारे स्पष्ट पारिएको छ, जसले प्रणालीहरूको दिगोपनामा सहयोग पुगोस् भन्ने उद्देश्य लिइएको छ ।
- कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) र मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF-MIS) को प्रभावकारी सञ्चालनका लागि प्रदेशका विषयगत मन्त्रालय/केन्द्रीय निकायका सम्बन्धित फोकल पर्सनबाट प्राप्त सुझावका आधारमा दुबै प्रणालीलाई समयसापेक्ष परिमार्जन र अद्यावधिक गरिएको छ ।

## (ख) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी

- कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष, माननीय सदस्यहरू, प्रशासकीय प्रमुख तथा आयोगका अन्य कर्मचारीहरूद्वारा प्रदेशभित्रका विभिन्न जिल्लाहरूमा अनुगमन कार्यक्रम सञ्चालन गरिएको थियो । यस अनुगमनको उद्देश्य प्रदेशका तहहरूमा सञ्चालन भइरहेका योजना तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था, स्रोतको प्रभावकारी उपयोग, योजना–कार्यक्रमको प्रगति एवं बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनको वस्तुस्थितिबारे जानकारी

लिनु थियो । अनुगमनका क्रममा जिल्लास्तरीय सरकारी कार्यालय, सरोकारवाला निकायहरूसँग छलफल र सुधारका सिफारिसहरू प्रदान गरिएको थियो, जसले आगामी योजनाको गुणस्तर, पारदर्शिता र प्रभावकारितामा योगदान पुऱ्याउने अपेक्षा गरिएको थियो ।

- अनुगमन मूल्याङ्कन निर्देशिका, २०७५ अनुसार प्रदेशका विकाससँग सम्बन्धित समस्या समाधान गर्न ४ वटा विकास समस्या समाधान समितिको बैठक बसी ५१ बुँदे निर्णय गरेको छ ।

**(ग) समन्वय/सहकार्य सम्बन्धी**

- कर्णाली प्रदेश योजना आयोग, सुर्खेतले यस आर्थिक वर्षको वार्षिक कार्यक्रम अन्तर्गत अन्तर-प्रदेश सिकाइ तथा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरेको छ । यस कार्यक्रमको उद्देश्य प्रदेशहरूबीच योजना तथा नीति निर्माण, कार्यान्वयन, अनुगमन र समन्वय सम्बन्धी अनुभव साझा गर्नु, सिकाइ बढाउनु र उत्कृष्ट अभ्यासहरू अपनाउने अवसर प्रदान गर्नु रहेको थियो । यसै सन्दर्भमा यस कर्णाली प्रदेश योजना आयोगका पदाधिकारी तथा कर्मचारीहरू मधेश प्रदेश नीति तथा योजना आयोग र कोशी प्रदेश योजना आयोगमा मिति २०८३ वैशाख १६ देखि २२ गतेसम्म भ्रमण गरी अनुभव आदानप्रदान गरिएको थियो । अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत सहभागी आयोगका प्रतिनिधिहरूले आफ्ना प्रदेशमा लागू भएका नीति, योजना, आयोजना छनोट प्रक्रिया, सूचना प्रणालीको प्रयोग र कार्यक्रम व्यवस्थापनका अभ्यासहरू प्रस्तुत गर्नुभएको थियो भने कर्णाली प्रदेशले आफ्ना कार्यक्रम, योजना व्यवस्थापन अभ्यास, आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) र मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF-MIS) सम्बन्धी अनुभव साझा गरेको थियो । यसरी गरिएको अन्तर-प्रदेश सिकाइ कार्यक्रमले प्रदेश योजना आयोगहरूबीच सहकार्य र ज्ञान साझेदारीलाई थप मजबुत बनाएको र आगामी योजना तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता र दक्षता वृद्धि गर्ने महत्वपूर्ण योगदान पुऱ्याएको छ ।
- प्रदेश विकास परिषद् बैठक बसी प्रदेशको समस्या समाधान गराउन स्थानीय, प्रदेश र संघ सरकारका प्रतिनिधिबाट ३ बुँदे निर्णय र समिक्षा गरिएको छ ।
- कर्णाली प्रदेशमा सञ्चालन भइरहेका विश्व खाद्य कार्यक्रम, UNDP, UNICEF लगायत विभिन्न विकास साझेदार संस्थाहरूको वार्षिक कार्य समिक्षा तथा भावी योजना सम्बन्धी समन्वय गर्न कर्णाली प्रदेश योजना आयोगमा संयुक्त कार्यक्रम आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिएको छ । यस कार्यक्रमको माध्यमबाट प्रदेशमा लागू भएका योजना तथा कार्यक्रमहरूको प्रगति विश्लेषण, आगामी कार्ययोजनाको योजना बनाउने प्रक्रिया र सरोकारवाला बीच समन्वय सुदृढ बनाउने उद्देश्य पूरा गरिएको थियो ।
- कर्णाली प्रदेश सरकारले निर्माण गरेको "आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२" स्वीकृत पश्चात सो कार्यविधिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न

कर्णाली प्रदेश योजना आयोगले अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशका विषयगत मन्त्रालय र जिल्लास्थित कार्यालयका कर्मचारीहरूलाई आयोजना प्रस्ताव तयार गर्ने, प्राथमिकता निर्धारण गर्ने, छनोट प्रक्रिया अपनाउने, आयोजना मूल्याङ्कन गर्ने र अनुगमन गर्ने सम्बन्धी स्पष्ट मार्गदर्शन प्रदान गर्नु रहेको थियो ।

- प्रदेशस्थित विषयगत मन्त्रालय तथा निकायका योजना तथा बजेट महाशाखा प्रमुख, मध्यमकालीन खर्च संरचना (MTEF) फोकल पर्सन तथा तथ्याङ्क अधिकृतहरूको क्षमता विकास र अन्तरसंचार सुदृढीकरणका लागि आवधिक योजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना (MTEF) र बजेट सूचना प्रणाली (PLMBIS) बीचको अन्तरआवद्धता विषयक कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो । कार्यशालाको मुख्य उद्देश्य सम्बन्धित कर्मचारीहरूलाई उक्त प्रणालीबीचको आपसी सम्बन्ध, तथ्याङ्क प्रवाह, सञ्चालन प्रक्रिया र समन्वयका मापदण्डहरूबारे प्राविधिक र व्यवहारिक जानकारी प्रदान गर्नु थियो ।
- कर्णाली प्रदेशका विषयगत मन्त्रालय, सम्बन्धित निकाय तथा विकास साझेदारहरूबीच समन्वय र सहकार्य सुदृढ पार्दै दिगो विकास लक्ष्य (SDGs) को प्रभावकारी कार्यान्वयन प्रवर्द्धन गर्न SDG Acceleration Visioning Workshop आयोजना गरेको थियो । कार्यशालाको मुख्य उद्देश्य प्रदेशस्तरीय नीति तथा कार्यक्रमहरूमा SDGs समावेशीकरण, मन्त्रालय र निकायहरूबीचको समन्वय सुदृढीकरण, योजना तथा कार्यक्रम कार्यान्वयनमा सहभागिता र दिगो विकास लक्ष्य हासिल गर्ने रणनीतिहरूको स्पष्ट मार्गदर्शन प्रदान गर्नु रहेको थियो । कार्यक्रममा सहभागीहरूले SDGs सम्बन्धी राष्ट्रिय र प्रादेशिक नीति, कार्यक्रम तथा अभ्यासहरूबारे जानकारी प्राप्त गरेका थिए, साथै अन्तरसंस्था समन्वय, योजना अनुगमन र कार्यान्वयनमा सुधारका उपायहरूमा छलफल भएको थिए । यस प्रकारको कार्यशालाले SDGs को लक्ष्य हासिल गर्ने दिशामा मन्त्रालय, निकाय र विकास साझेदारहरूबीच सहकार्य र समन्वयलाई थप मजबुत बनाएको छ ।

**(घ) अध्ययन अनुसन्धान सम्बन्धी**

- कर्णाली प्रदेशद्वारा निर्माण गरिएका नीतिहरूको प्रभावकारी कार्यान्वयन र सफल अभ्यासका लागि सरोकारवाला निकाय तथा संयन्त्रहरुसँग समयसमयमा अध्ययन, परामर्श र छलफल सञ्चालन गरिएको थियो यसका साथै कर्णाली प्रदेशमा पोषण सुशासन सुदृढीकरणका लागि पैरवी नागरिक समाज संगठनहरूका लागि पोषण सम्बन्धी नीति कानून र अधिकार सम्बन्धी अभिमुखिकरण तथा बहुक्षेत्रीय पोषण योजना तेस्रोको कार्यान्वयनका लागि नीति संवाद कार्यक्रम सञ्चालन गरिएको थियो ।
- आयोगबाट विभिन्न समयमा स्थलगत अवलोकन, विभिन्न निकायहरुसँग गरिएको छलफल, वैठक, अन्तरक्रिया, प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाबाट अध्ययन गरी आ.व. २०८३।८४ को बजेट कार्यक्रम तर्जूमा गर्न र योजना वजेटबीच तादाम्यता कायम गर्न

योजनाको लक्ष्य र उद्देश्य पूरा गर्न आयोगबाट विषयगत मन्त्रालयलाई १५ बुँदे सुझाव प्रदान गरिएको थियो ।

**(ङ) बहुक्षेत्रीय पोषण कार्यक्रम**

- कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष सूर्यनाथ योगीज्यूको अध्यक्षतामा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको दुई पटक बैठक सम्पन्न भएको छ । बैठकहरूको मुख्य उद्देश्य प्रदेशमा पोषण र खाद्य सुरक्षा कार्यक्रमहरूको समन्वय, नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था समीक्षा गर्नु, चुनौतीहरू पहिचान गर्नु र आगामी रणनीति तय गर्नु रहेको थियो । बैठकहरूमा सम्बन्धित विषयगत मन्त्रालयका प्रतिनिधिहरू, स्थानीय तहका पदाधिकारीहरू, विकास साझेदारहरू र सरोकारवालाहरू सहभागी भएका थिए । यस क्रममा प्रदेशका पोषण र खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरूको प्रगति विश्लेषण, उपलब्धि र सुधारका सुझावहरू प्रस्तुत गरिएका थिए, जसले आगामी वर्षमा कार्यान्वयन हुने कार्यक्रमहरूको प्रभावकारिता र गुणस्तर सुधार्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत कर्णाली प्रदेश योजना आयोगले बहुक्षेत्रीय पोषणसँग सम्बन्धित विभिन्न अभिमुखिकरण तालिम तथा कार्यशाला गोष्ठी लगायतका कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रमको मुख्य उद्देश्य स्थानीय तहका पोषण तथा खाद्य सुरक्षा सम्बन्धी सरोकारवालाहरूलाई बहुक्षेत्रीय पोषण कार्यक्रमका नीति, कार्यविधि, गतिविधि सञ्चालन प्रक्रिया र अनुगमन सम्बन्धी स्पष्ट मार्गदर्शन प्रदान गर्नु रहेको थियो । कार्यक्रममा सहभागीहरूले पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समुदायमा पोषण सचेतना र कार्यक्रम अनुगमनका अभ्यासहरूबारे प्रशिक्षण प्राप्त गरेका थिए । यस्ता कार्यक्रमले प्रदेशभित्र पोषण सुधारका लागि स्थानीय तहका क्षमता विकास, कार्यक्रम समन्वय सुदृढीकरण र दीर्घकालीन सुधारमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । यसै सन्दर्भमा मिति २०८३।०३।०४ गते कालीकोट जिल्लाका सबै स्थानीय तहहरूसँग बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । यसका साथै पोषणमैत्री स्थानीय शासन अन्तर्गत विभिन्न स्थानीय तहका वडाहरु पोषणमैत्री वडाको रुपमा घोषणा भएका छन् । जसमध्ये मिति २०८३।०३।१४ गते जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका वडा नं ५, मिति २०८३।०३।२१ गते दैलेख जिल्लाको महाबुँ गाउँपालिका वडा नं २ र मिति २०८३।०३।२४ गते सोही स्थानीय तहको वडा नं ४ घोषणा भएका छन् ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण सम्बन्धी सचेतना फैलाउन पोषण सचेतनामूलक ब्रोसर र डायरी प्रकाशन गरिएको छ । यस प्रकाशन मार्फत पोषणका महत्व, उचित आहार, बालबालिका र गर्भवती महिलाका लागि पोषण आवश्यकताहरू तथा स्वास्थ्य सम्बन्धी जानकारीलाई सरल र बुझ्न सजिलो शैलीमा स्थानीय तह र समुदायसम्म पुऱ्याउने प्रयास गरिएको छ ।

- कर्णाली प्रदेशको पहिलो पोषणमैत्री वडाका रुपमा कालीमाटी गापा, वडा नं. ५ काल्चे सल्यानको पोषणमैत्री दिगोपनाको सम्बन्धमा रेडियो कार्यक्रम **नागरिक बहस** रेडियो नेपाल सुर्खेतको सहकार्यमा सम्पन्न गरिएको छ ।

**(च) अन्य महत्वपूर्ण कार्यहरू**

- मिति २०८२।०२।१७ गते कर्णाली प्रदेशको कर्णाली प्रदेश विकास परिषद्को बैठक वीरेन्द्रनगर, सुर्खेतमा आयोजना गरिएको थियो । उक्त बैठकमा प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरू, विषयगत मन्त्रालयका सचिवहरू, स्थानीय तहका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । बैठकमा विशेषगरी, कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/८२–२०८५/८६) कार्यान्वयन कार्ययोजनाको प्रारम्भिक ढाँचा प्रस्तुत गरी यसमाथि सहभागीहरूबाट सुझाव संकलन गरिएको थियो ।
- आयोगका सूचनाहरूलाई प्रभावकारी रूपमा आम जनसमुदायसम्म पुऱ्याउने उद्देश्यले सूचना प्रविधि विभागको पहलमा निर्माण गरिएको एकीकृत वेवसाइट व्यवस्थापन प्रणालीमार्फत आयोगको आधिकारिक वेवसाइटलाई सुधार र अध्यावधिक गरी संचालनमा ल्याइएको छ । यस प्रणालीले आयोगका नीतिगत, योजनागत तथा अन्य प्रशासनिक सूचनाहरूलाई सजिलै पहुँचयोग्य बनाउन मद्दत गर्दछ । साथै, यसले नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्दै आयोगको पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । वेवसाइटमा नवीनतम प्रविधिहरूको उपयोग गरी, प्रयोगकर्तामैत्री डिजाइन र सूचना खोज तथा उपयोगमा सहजता प्रदान गरिएको छ ।
- कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा विकासका लागि विधायक कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशसभाका माननीय सदस्यज्यूहरूसँग दोस्रो आवधिक योजना, नीति कार्यक्रम तथा बजेटका सम्बन्धका छलफल तथा अन्तरक्रिया कार्यक्रम मिति २०८३।०२।१९ गते सञ्चालन गरिएको ।
- कर्णाली प्रदेशको विकाससँग सम्बन्धित समस्याहरु समाधानका लागि गत आर्थिक वर्षमा कर्णाली प्रदेश विकास समस्या समाधान समितिको ३ पटक बैठक बसेको थियो ।
- रेडियो कार्यक्रम योजना र विकास रेडियो नेपाल सुर्खेत र कर्णाली प्रदेश योजना आयोगबाट कर्णालीको योजना र विकास सम्बन्धी रेडियो कार्यक्रम उत्पादन र प्रशारण गरिएको छ ।

## ७. आयोगका विभिन्न समितिहरूको बैठक र महत्त्वपूर्ण निर्णयहरू :

### ७.१ कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) बमोजिमको कर्णाली प्रदेश योजना आयोगको बैठक

**जम्मा बैठक संख्या : ११**

**मिति २०८२।०५।१८ गतेको निर्णयहरू :**

मिति २०८२।०५।१६ गतेको कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को संशोधनका लागि गठित समितिबाट पेश भएको कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को संशोधित अन्तिम मस्यौदा माथि छलफल भई आयोगबाट स्वीकृत गरियो उक्त स्वीकृत मस्यौदा आगामी मन्त्रिपरिषदको बैठकमा पेश गर्ने प्रयोजनार्थ आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेशबाट सहमति लिई प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृतिका लागि प्रस्ताव पेश गर्ने प्रयोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय पठाउने निर्णय गरियो।

**मिति २०८२।०८।०७ गतेको निर्णयहरू :**

**निर्णय नं. १:**

(१) मिति २०८२।०७।१८ गतेको कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को संशोधन लागि गठित समितिबाट पेश भएको कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) मापदण्ड, २०८२ कर्णाली प्रदेश आर्थिक मापदण्ड तथा वित्तिय उत्तरदायित्व ऐन, २०८१ को दफा १७ को उपदफा (४) बमोजिम स्वीकृत गर्ने।

**निर्णय नं. २:**

कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका २०८१ को दफा ४ को उपदफा (१) अनुसारको निर्देशक समितिको मिति २०८२।०६।२८ गते र मिति २०८२।०७।१७ गतेको निर्णयानुसार स्रोत सहमतिका लागि सिफारिस भएका आयोजनाहरु मध्ये कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८२।०८।०५ को च.नं. २६१, २६२, २६३ र २६४ को पत्रबाट स्रोत सहमति प्राप्त भएकोले कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका २०८१ को दफा ३ को उपदफा (४) अनुसार देहायका आयोजनाहरूलाई सोही निर्देशिकाको दफा ६ मा उल्लिखित शर्तहरू पालना गरी कार्यान्वयन गर्न बहुवर्षीय ठेक्काको सहमति प्रदान गर्ने ।

देहायः

**भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय**

**सडक पूर्वाधार तर्फः** रू. (हजारमा)

| क्र. सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजित बजेट | स्रोत सुनिश्चितता रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| १ | रातोपुल देखि हटलाईन सडक स्तरोन्नती वि.न.पा.-४, सुर्खेत | सुर्खेत | ३५०६०५ | ९०००० | १३०३०२ | १३०३०२ | २६०६०४ |
| २ | वीरेन्द्रनगर-करेखोला-भिउचुला सडक निर्माण | सुर्खेत | १५९९८७ | ४०००० | ५९९९३ | ५९९९३ | ११९९८६ |
| ३ | कुईने जामु बावियाचौर भक्तडी जंगलाघाट सडक | सुर्खेत | १९९८६१ | ५०००० | ७४९३० | ७४९३० | १४९८६० |
| ४ | गुरासे-दोबाटा-सेरी-पातिकाल्ना स्याउली बजार सडक | दैलेख | १५९९९३ | ४०००० | ६०००० | ५९९९३ | ११९९९३ |
| ५ | थलह बाटुल्ले हुँदै ब्याउली ढुङ्गा जुम्ला सडक स्तरोन्नती/कालोपत्रे निर्माण, छेडागाड न.पा. ११ र कुशे गा.पा. ५,६,७,९ र ८ | जाजरकोट | ३५९५९१ | ९०००० | १६०००० | १०९५९१ | २६९५९१ |
| ६ | सुयाडा कचाली तिनसल्ली सडक स्तरोन्नती/कालोपत्रे, जाजरकोट | जाजरकोट | १९९३२१ | ५०००० | १००००० | ४९३२१ | १४९३२१ |
| ७ | पिना-गमगढी सडक निर्माण | मुगु | १५९८८७ | ४०००० | ७०००० | ४९८८७ | ११९८८७ |

**भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय**

**सडक पूर्वाधार तर्फः** रू. (हजारमा)

| क्र. सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजित बजेट | स्रोत सुनिश्चितता रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| ८ | चौरजहारी विजयश्वरी बैरागीठाटि सडक निर्माण | रूकुम पश्चिम | १४९९९९ | ३७५०० | ७५००० | ३७४९९ | ११२४९९ |
| ९ | काभ्रा कालिमाटी रामपुर लुहाम काभ्रा कालिमाटी रामपुर रामबजार सडक कालोपत्रे | सल्यान | १५९९४५ | ४०००० | ६०००० | ५९९४५ | ११९९४५ |
| १० | टोप्ला ईभिल्चा जाजरकोट सडक | जुम्ला | १५९८१४ | ४०००० | ६०००० | ५९८१४ | ११९८१४ |
| ११ | खार्पुनाथ-चुवाखोला देखि टापुलेख सडक योजना (नयाँ खण्ड) | हुम्ला | १५९९७९ | ४०००० | ६०००० | ५९९७९ | ११९९७९ |
| १२ | खुलालु लालु भेरी साँगु कुमाल गाँउ एयरपोर्ट मेहल्मुदी मुर्मा रासकोट लैफु सडक | कालिकोट | १५९७९७ | ४०००० | ६०००० | ५९७९७ | ११९७९७ |
| १३ | चुगाड देखि बलांग्रासम्म सडक स्तरोन्नती त्रिपुरासुन्दरी ९,१०,११ | डोल्पा | १५९९२८ | ४०००० | ७०००० | ४९९२८ | ११९९२८ |
| १४ | दुनै सदरमुकाम भौतिक पूर्वाधार विकास, ठुलिभेरी न.पा. ३ | डोल्पा | १५९९९३ | ४०००० | ११९९९३ | ० | ११९९९३ |
| १५ | गुम्बा-कोलाताचिन-सहरतारा-तुपतारा सडक निर्माण | डोल्पा | १५९९९८ | ४०००० | ८०००० | ३९९९८ | ११९९९८ |
| | | **जम्मा** | २८५८६९८ | ७१७५०० | १२४०२१८ | ९००९७७ | २१४११९५ |

**भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय**

**सडक पुल तर्फः** रू. (हजारमा)

| क्र.सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजन | स्रोत सुनिश्चितता रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| १ | भुतगाड खोला मोटरेवल पुल ठाँटिकाँध गा.पा. १ | दैलेख | ५९९९९ | १५००० | ४४९९९ | ० | ४४९९९ |
| २ | दुलिगाड सडक पक्की पुल निर्माण, आठविस ७ | दैलेख | ५९९९९ | १५००० | ४५००० | ० | ४५००० |
| ३ | जैरीगाड सडक पुल निर्माण, ठुलिभेरी न.पा.२ | डोल्पा | ५९९९९ | १५००० | ४४९९० | ० | ४४९९० |
| ४ | कोलिबगर पक्की पुल निर्माण, त्रीपुरासुन्दरी न.पा. ७ | डोल्पा | ५५९९२ | १४००० | ४१९९२ | ० | ४१९९२ |
| ५ | पुमाखोला मोटरेवल पुल, बाफिकोट ३ | रूकुम पश्चिम | ८१२११ | ३०००० | ४०६०५ | १०६०५ | ५१२१० |
| ६ | देउताखोला सडक पुल, सानीभेरी गा.पा. ६ | रूकुम पश्चिम | ३९९९८ | १०००० | १९९९८ | १०००० | २९९९८ |
| ७ | छिनखेत खोला मोटरेवल पुल निर्माण बाफिकोट ३ र ९ | रूकुम पश्चिम | ६७८१२ | २०००० | ३२८१२ | १५००० | ४७८१२ |

**भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय**

**सडक पुल तर्फः** रू. *(हजारमा)*

| क्र. सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजन | स्रोत सुनिश्चितता रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| ८ | जोगीवाडा पक्की पुल निर्माण, हिमा गा.पा.३ | जुम्ला | ७९९०६ | २०००० | ४०००० | १९९०६ | ५९९०६ |
| ९ | ताउले खोला पक्की पुल पञ्चपुरी न.पा. ११ | सुर्खेत | ५९६९२ | १५००० | २५००० | १९६९२ | ४४६९२ |
| १० | बड्डीखहरे मोटरेवल पुल पञ्चपुरी न.पा. १० | सुर्खेत | १५९७३२ | ४०००० | ८०००० | ३९७३२ | ११९७३२ |
| ११ | पर्सेनी स्कुल अलायचौर सडक पुल | सुर्खेत | ३३१७४ | १५००० | १५००० | ३१७४ | १८१७४ |
| १२ | चाँदनी चौकि तल्लो पर्सेनी पक्की पुल | सुर्खेत | ५९९७८ | १५००० | २०००० | २५००० | ४५००० |
| १३ | दुई पिपल सडक पक्की पुल, शिवालय २ र ८ | जाजरकोट | ५०६४२ | १५००० | ३५६४२ | ० | ३५६४२ |
| १४ | तिलिङ्गे खोला ट्रस ब्रिज निर्माण, कुशे २ र ४ | जाजरकोट | ६०१०५ | १५००० | ४५१०५ | ० | ४५१०५ |
| १५ | लम्तीखोला सडक पक्की पुल, जाजरकोट | जाजरकोट | ५१८७५ | १५००० | ३६८७५ | ० | ३६८७५ |
| १६ | मर्मखोला सानिपिप्ली मोटरेवल पुल, कुमाख | सल्यान | ९५३२१ | २५००० | ३५००० | ३५३२१ | ७०३२१ |
| | | **जम्मा** | **१०७५४३५** | **२९४०००** | **६०३०१८** | **१७८४३०** | **७८१४४८** |

| भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय<br>झोलुङ्गे पुल तर्फः रू. (हजारमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजन | स्रोत सुनिश्चितता रकम | | |
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| १ | लगाम तोक्मा झोलुङ्गे पुल,पञ्चपुरी ३,सुर्खेत | सुर्खेत | ५१४९ | २००० | ३१४९ | ० | ३१४९ |
| २ | धनबोट खेरगडा खोला माङ्लेखोला झोलुङ्गे पुल,पञ्चपुरी ७ | सुर्खेत | ३७९७ | १५०० | २२९७ | ० | २२९७ |
| ३ | सुकुमाला वत्तिसे खोला झो.पु.लेकवेशी बराह ताल ३ | सुर्खेत | ५१६३ | १५०० | ३६६३ | ० | ३६६३ |
| ४ | असुरेनी कोलखोला झो.पु. लेकवेशी ९ | सुर्खेत | ३७२५ | १५०० | २२२४ | ० | २२२४ |
| ५ | बबई हात्तीखाल बाटुल्ले झो.पु., भेरीगंगा ५ | सुर्खेत | ४६५०० | १५००० | २१५०० | १०००० | ३१५०० |
| ६ | पिपलतरा झो. पु., छेडागाड १, ३ | जाजरकोट | ७६८६ | २५०० | ५१८६ | ० | ५१८६ |
| ७ | गरानेखोला पुदु देखि पाल्ता जोड्ने झो. पु. | जाजरकोट | ६०१० | ४५०० | १५१० | ० | १५१० |
| ८ | साझाखेत झोलुङ्गेपूल निर्माण शिवालय १ | जाजरकोट | ५४९० | २५०० | २९९० | ० | २९९० |
| ९ | रातोपानी झो.पु., सर्केगाड ३ | हुम्ला | ५००७ | १५०० | ३५०७ | ० | ३५०७ |
| १० | कुकुर फाल्ला झो.पु., अदानचुली ५ | हुम्ला | ७३३१ | २००० | ५३३१ | ० | ५३३१ |

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
झोलुङ्गे पुल तर्फः रू. (हजारमा)

| क्र. सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजन | स्रोत सुनिश्चितता रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| ११ | पैमा खोला झो.पु., ताजाकोट २ र ४ | हुम्ला | ५७४७ | १५०० | ४२४७ | ० | ४२४७ |
| १२ | जोडुघट्ट मथेडा झो.पु., सिंजा ६ | जुम्ला | ५६४९ | १५०० | ४१४९ | ० | ४१४९ |
| १३ | पेरेभित्र झो.पु., निर्माण संकर झरना | जुम्ला | ५९८७ | १५०० | ४४८७ | ० | ४४८७ |
| १४ | वारगाउँ तामेतिगाउँ जोडने झो.पु., | जुम्ला | ५९८५ | १५०० | ४४८५ | ० | ४४८५ |
| १५ | खुल्पी झुल्पु झो.पु., निर्माण | जुम्ला | ५५७९ | १५०० | ४०७९ | ० | ४०७९ |
| १६ | भदाले झो. पु., मुड्केचुला १,२,३ | डोल्पा | ४७३५ | २५०० | २२३५ | ० | २२३५ |
| १७ | चौकेढुङ्गा देखी विरुपानी झो. पु., ठुलीभेरी १ | डोल्पा | ५७२९ | २५०० | ३२२९ | ० | ३२२९ |
| १८ | रिडिङ्ग झो. पु., मुड्केचुला ३ | डोल्पा | ५७२० | २५०० | २७७० | ० | २७७० |
| १९ | सुमधु झो. पु., निर्माण | डोल्पा | ५६६९ | २५०० | ३१६९ | ० | ३१६९ |
| २० | सिपा खोला झो. पु., काईके १ | डोल्पा | ६३०२ | २५०० | ३८०२ | ० | ३८०२ |
| २१ | तिवरा खोला झो. पु., काईके १ | डोल्पा | ६५०२ | २५०० | ४००२ | ० | ४००२ |
| २२ | मुखोला झो. पु., त्रिपुरासुन्दरी ८ र ११ | डोल्पा | ४४७४ | २००० | २४७४ | ० | २४७४ |
| २३ | भदे कुइयाँ पानी कर्णाली करिडोर जोड्ने झो.पु., पलाता २ | कालिकोट | ७५०७ | २००० | ५५०७ | ० | ५५०७ |

| भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय<br>झोलुङ्गे पुल तर्फः | | | | | | | रू. (हजारमा) |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजन | स्रोत सुनिश्चितता रकम | | |
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| २४ | ओखरगाउँ खोला झो.पु. निर्माण तिलागुफा २ कालिकोट | कालिकोट | ६६९७ | २००० | ४६९७ | ० | ४६९७ |
| २५ | घेराखोला झो.पु. निर्माण पलाता ७ | कालिकोट | ७००३ | २५०० | ४५०३ | ० | ४५०३ |
| २६ | गोठाले देखि सिमसम्मा झो.पु. निर्माण रासकोट | कालिकोट | ७३७६ | २५०० | ४८७६ | ० | ४८७६ |
| २७ | गाईतान्ना झो.पु. निर्माण पलाता ६ | कालिकोट | ६९५३ | २५०० | ४४५३ | ० | ४४५३ |
| २८ | दुबलाबाट रुकुमपश्चिम कालाघारी जोड्ने झो.पु. | रुकुम पश्चिम | ९३८८ | २००० | ६००० | ० | ६००० |
| २९ | हुक्काने खोला झो.पु., आठबीस ५ | दैलेख | ५५२५ | २००० | २९८७ | ० | २९८७ |
| ३० | बालाखोला झो.पु., ठाँटीकाँध ५ | दैलेख | ५११६ | २५०० | २१११ | ० | २१११ |
| ३१ | मुथीगाउँ खोलीबगर झो.पु. | दैलेख | ६२३७ | २००० | ३६८५ | ० | ३६८५ |
| ३२ | चौड जोगीढुंगा आठवीसकोट नपा ३ | दैलेख | ६२३९ | २००० | ३६४२ | ० | ३६४२ |
| ३३ | सियाला देउती सिमसम्म ठाँटीकाँध ६ | दैलेख | ५८५९ | २००० | ३३३० | ० | ३३३० |
| ३४ | बडीला झो.पु., डुङ्गेश्वर गापा ६ | दैलेख | ६२२३ | २५०० | ३१४५ | ० | ३१४५ |

| भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय<br>झोलुङ्गे पुल तर्फः | | | | | | | रू. (हजारमा) |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजन | स्रोत सुनिश्चितता रकम | | |
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| ३५ | वडाखेत झो.पु., डुङ्गेश्वर गापा १ | दैलेख | ४४६१ | २००० | २१२२ | ० | २१२२ |
| ३६ | ध्याप गोडिखोला झो.पु., ठाँटीकाँध ३ | दैलेख | ३६७८ | २००० | १६०५ | ० | १६०५ |
| ३७ | मलुका हितगल्छी झो.पु., भगवतीमाई ५ | दैलेख | ५६०६ | २००० | ३०८८ | ० | ३०८८ |
| ३८ | डुङ्गेश्वर बजारको चित्रेकुना झो.पु., डुङ्गेश्वर गापा ६ | दैलेख | ४६९५ | २००० | २३१७ | ० | २३१७ |
| ३९ | युईटिङ्ग झो.पु. | मुगु | ७६४४ | २००० | ५६४४ | ० | ५६४४ |
| ४० | नुवाकोटी खोलि झो.पु. | मुगु | ३९८२ | ३००० | ९८२ | ० | ९८२ |
| ४१ | गमघट्ट देखि बाँटमाडु झो.पु. | मुगु | ६४८१ | २००० | ४४८१ | ० | ४४८१ |
| ४२ | डिलघट्ट जिउला झो.पु. | मुगु | ६८४८ | २००० | ४८४८ | ० | ४८४८ |
| ४३ | दरक्याल खोला झो.पु. | मुगु | ५१६९ | २००० | ३१६९ | ० | ३१६९ |
| ४४ | बिजुकिया कटसाडि झो.पु. | मुगु | ७६४४ | ३००० | ४६४४ | ० | ४६४४ |
| ४५ | आल्लेखोला झो.पु. | मुगु | ५४७८ | २५०० | २९७८ | ० | २९७८ |
| ४६ | महमाग्री जोड्ने झोलुङ्गे पुल | मुगु | ७९९९५ | २०००० | ४०००० | १९९९५ | ५९९९५ |
| ४७ | पापु घट्ट झो.पु | मुगु | ४५५५ | १५०० | ३०५५ | ० | ३०५५ |
| | | जम्मा | ३९०२९५ | १३१५०० | २२२३५४ | २९९९५ | २५२३४९ |

**जलस्रोत तथा उर्जा विकास मन्त्रालय**

**सिँचाई तथा नदी नियन्त्रण तर्फः** रू. *(हजारमा)*

| क्र.सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजित बजेट | स्रोत सुनिश्चितता रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| १ | रिसाङ्ग सिँचाई योजना, भेरी नगरपालिका २ | जाजरकोट | ४२०४४ | २१००० | २१०४४ | ० | २१०४४ |
| २ | निकास खोला नियन्त्रण, वीरेन्द्रनगर २ र ९ | सुर्खेत | ११५२५६ | ३०००० | ८५२५६ | ० | ८५२५६ |
| | | **जम्मा** | **१५७३००** | **५१०००** | **१०६३००** | **०** | **१०६३००** |

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**भवन निर्माण तर्फः** रू. *(हजारमा)*

| क्र.सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजित बजेट | स्रोत सुनिश्चितता रकम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| १ | प्रादेशिक रिफरल भेटेरिनरी अस्पताल निर्माण | सुर्खेत | १२९८६५ | ६०००० | ४०००० | २९८६५ | ६९८६५ |
| २ | पशु अस्पताल तथा पशुसेवा कार्यालय | जाजरकोट | ५०००९ | १४००० | २५००० | ११००९ | ३६००९ |
| ३ | पशु अस्पताल तथा पशुसेवा कार्यालय | कालिकोट | ५६३३६ | १४१५० | ३०००० | १२१८६ | ४२१८६ |
| | | **जम्मा** | **२३६२१०** | **८८१५०** | **९५०००** | **५३०६०** | **१४८०६०** |

| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भवन निर्माण तर्फः | | | | | | | रू. (हजारमा) |
| क्र. सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/८३ मा विनियोजित बजेट | स्रोत सुनिश्चितता रकम | | |
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | कुल जम्मा |
| १ | डिभिजन वन कार्यालय भेरीको भवन निर्माण | सुर्खेत | ४६००० | ११५०० | २०००० | १४५०० | ३४५०० |
| | | जम्मा | ४६००० | ११५०० | २०००० | १४५०० | ३४५०० |

**मिति २०८२।०९।२४ गतेको निर्णयहरू :**

निर्णय नं १: प्रस्ताव नं १ मा छलफल गर्दा कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ को दफा ४ को उपदफा (१) बमोजिमको निर्देशक समितिको मिति २०८२/०६/२८, २०८२/०७/१७ र २०८२/०८/२० को निर्णयानुसार स्रोत सहमतिका लागि सिफारिस भएका आयोजनाहरु मध्ये कर्णाली प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. २०८२/०८३(ब.का.म.), च.नं. ३५३, मिति २०८२/०९/११ को पत्रानुसार वहुवर्षीय स्रोत सहमती प्राप्त भएका देहायका आयोजनाहरुलाई ऐ. निर्देशिकाको दफा ६ मा उल्लेखित शर्तहरु पालना गर्ने गरी कार्यान्वयन गर्न ऐ. निर्देशिकाको दफा ३ को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्काको सहमति प्रदान गर्ने निर्णय गरियो ।

**देहायः**

| मन्त्रालयः भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं . | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/०८३ मा विनियोजन | स्रोत सुनिश्चितता रकम रू. (हजारमा) | | |
| | | | | | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ | कुल जम्मा |
| १ | कार्कीज्युलादेखि सुवाकोट जोड्ने बेलीब्रीज | जाजरकोट | १९२३७ | १५००० | ४२३७ | ० | ४२३७ |
| २ | साँधी बिसाउना पक्की पुल निर्माण कुशे ६ जाजरकोट | जाजरकोट | ५९९९४ | १५००० | ४४९९४ | ० | ४४९९४ |

| मन्त्रालय: भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजनाको नाम | जिल्ला | लागत अनुमान | आ.व. २०८२/०८३ मा विनियोजन | स्रोत सुनिश्चितता रकम रू. (हजारमा) | | |
| | | | | | आ.व. २०८३/०८४ | आ.व. २०८४/०८५ | कुल जम्मा |
| ३ | सानाखोला मोटरपुल निर्माण जुनीचाँदे ३ जाजरकोट | जाजरकोट | ५२८२९ | १५००० | ३७८२९ | ० | ३७८२९ |
| ४ | खार्केखोला पुल निर्माण, वीनपा ४ र ६ | सुर्खेत | ५९९८३ | १५००० | ३०००० | १४९८३ | ४४९८३ |
| ५ | कालिन्चोक एयरपोर्ट ईत्राम पुल, वीनपा ८ र १२ | सुर्खेत | ६०००० | १५००० | ३०००० | १५००० | ४५००० |
| ६ | ईन्द्र वि.सी. सडक (गोजी–आली–दुनी–दल) मदन भण्डारी राजमार्गसम्म कालोपत्रे | सुर्खेत | १५९९५७ | ४०००० | ८०००० | ३९९७९ | ११९९७९ |
| ७ | गोलीगौंडा निहो खोला झो.पु., ताजाकोट १ | हुम्ला | १०२१३ | १५०० | ८७१३ | ० | ८७१३ |
| | | **जम्मा** | **४२२२१३** | **११६५००** | **२३५७७३** | **६९९६२** | **३०५७३५** |

**मिति २०८२।१०।१२ गतेको निर्णयहरू :**

कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि २०८१ को संशोधनका लागि गठित मस्यौदा तयारी समितिबाट यस आयोगमा मिति २०८२।१०।११ गते पेश भएको कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि २०८१ को संशोधित अन्तिम

मस्यौदामाथि छलफल भई आयोगबाट स्वीकृत गरियो उक्त स्वीकृत मस्यौदा आगामी मन्त्रिपरिषदको बैठकमा पेश गर्ने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेशबाट सहमति लिई प्रदेश सरकार मन्त्रीपरिषदबाट स्वीकृतिका लागि प्रस्ताव पेश गर्ने प्रयोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**मिति २०८२।१०।२९ गतेको निर्णयहरू :**

निर्णय नं १: प्रस्ताव नं १ मा छलफल गर्दा संघीय समपूरक र विशेष अनुदानका लागि विषयगत मन्त्रालयहरुबाट प्राप्त भई आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१ को दफा ९ को उपदफा (१) बमोजिमको समितिको निर्णयानुसार पेश भएका आयोजनाहरु मध्ये देहायका आयोजनाहरुलाई कर्णाली प्रदेश सकारको मन्त्रिपरिषद्को बैठकमा पेश गर्नका लागि सिफारिस गरी पठाउने भनी निर्णय गरियो ।

**क. संघीय समपूरक अनुदानमा कार्यान्वयन गर्ने आयोजना**

| क्र. सं. | आयोजना वा कार्यक्रमको नाम | जिल्ला | मन्त्रालय | नयाँ/ क्रमागत |
|---|---|---|---|---|
| १ | प्रदेश अस्पतालको OPD ब्लक निर्माण (PID: 63502082334B) | | सामाजिक विकास | क्रमागत |
| २ | प्रदेश राजधानी संरक्षण योजना , विरेन्द्रनगर-०९र १०, सुर्खेत | सुर्खेत | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | क्रमागत |
| ३ | गंगटे आरणटुडा ढाँटखेत थल जाजरकोट सडक | सुर्खेत | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | क्रमागत |
| ४ | सुर्खेत उपत्यका चक्रपथ (नेवारे- धुलियाविट र भुसालडाँडा मनिकापुर खण्ड) | सुर्खेत | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | क्रमागत |
| ५ | स्याङटाङ सिचाइ योजना, सिमकोट गाउँपालिका वडा नं.१.२ र ३ | हुम्ला | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | नयाँ |
| ६ | जुम्ला गच्छेसाँगु जलजला गोठीज्युला सडक, जुम्ला | जुम्ला | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | नयाँ |
| ७ | जुम्ला दानसाँगु चोत्र काईगाउँ डोल्पा सडक जुम्ला | जुम्ला | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | नयाँ |
| ८ | रानागाउँ रेडक्रश भवनदेखी नेटावजार मछाईना झाप्राहुँदै थल वजार जाजरकोट | जाजरकोट | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | नयाँ |
| ९ | छिन्चु घारीवन काल्चा सडकखन्ड सुर्खेत | सुर्खेत | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | नयाँ |
| १० | झिगाने बालुवा दमदुवाली सडक खण्ड, सल्यान | सल्यान | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | नयाँ |

| ख. विशेष अनुदानमा कार्यान्वयन गर्ने आयोजना | | | |
|---|---|---|---|
| क्र. सं. | आयोजना वा कार्यक्रमको नाम | मन्त्रालय | नयाँ/ क्रमागत |
| १ | मूलखोला थर, कुपिण्डे पारी गाउँ काउचे लिप्ट खानेपानी योजना, वनगाड कुपिण्डे-८ सल्यान | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | क्रमागत |
| २ | आदानचुली बृहत खानेपानी योजना आदानचुली २, ४, ५, ६ हुम्ला | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | क्रमागत |
| ३ | कुपिण्डे जलाधार क्षेत्र संरक्षण तथा पर्यटन प्रवर्द्धन (वनगाड कुपिण्डे नपा ८, सल्यान) | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय | क्रमागत |
| ४ | प्रदेश आयुर्वेद अनुसन्धान केन्द्र तथा औषधी उत्पादनशाला सुदृढ़ीकरण | सामाजिक विकास | क्रमागत |
| ५ | मातृ, बालबालिका, किशोरकिशोरीहरुको स्वास्थ्य, पोषण प्रबर्धन तथा नसर्ने रोगको रोकथामका लागि स्क्रिनिङ्ग मार्फत आधारभूत स्वास्थ्य सेवाको सुदृढीकरणका कार्यक्रम | सामाजिक विकास | नयाँ |
| ६ | अङ्ग्रजी, गणित, विज्ञान विषयको शिक्षक अभाव भएका सामुदायिक माध्यामिक विद्यालयमा डिजिटल प्रविधि सहयोग कार्यक्रम | सामाजिक विकास | नयाँ |
| ७ | दोभान झारयाउटा घट्टदेखि सिद्धपुर्ने लिफ्ट खानेपानी योजना, बागचौर नगरपालिका ३, सल्यान | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | नयाँ |
| ८ | नवितम फलफूल (किवी, ड«गन फ्रुट, हलुवाबेद र एभोकाडो आदी) | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नयाँ |
| ९ | खाद्य प्रणाली रुपान्तरण तथा सुदृढीकरण कार्यक्रम | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नयाँ |
| १० | बगैचा बिस्तार तथा सुदृढीकरण कार्यक्रम (स्याउ/ओखर) | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | नयाँ |

**मिति २०८२।११।०५ गतेको निर्णयहरू :**

निर्णय नं १: प्रस्ताव नं १ मा छलफल गर्दा आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ को मस्यौदा उपर छलफल गरियो । छलफलबाट उठेका विषयहरु समावेश गरी अन्तिम रुप प्रदान गरियो र उक्त संशोधित मस्यौदा पारितका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**मिति २०८२।११।०५ गतेको निर्णयहरू :**

निर्णय नं १: प्रस्ताव नं १ मा छलफल गर्दा कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ को दफा ४ को उपदफा (१) बमोजिमको निर्देशक समितिको मिति २०८२/०९/२५ गतेको निर्णयानुसार स्रोत सहमतिका लागि सिफारिस भएका आयोजनाहरु मध्ये कर्णाली प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. २०८२/०८३(ब.का.म.), च.नं. ४२९, मिति २०८२/१०/२३ र प.सं.२०८२/०८३ (ब.का.म.), च.नं. ४५२, मिति २०८२/१०/२९ को पत्रानुसार वहुवर्षीय स्रोत सहमती प्राप्त भएका देहायका आयोजनाहरु (आयोजना संख्या १६) लाई ऐ. निर्देशिकाको दफा ६ मा उल्लेखित शर्तहरु पालना गर्ने गरी कार्यान्वयन गर्न ऐ. निर्देशिकाको दफा ३ को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्काको सहमति प्रदान गर्ने निर्णय गरियो ।

**मन्त्रालयः जलस्रोत तथा उर्जा विकास मन्त्रालय**

| क्र. सं. | आयोजनाको नाम | जिल्ला | प्रकार | जम्मा लागत अनुमान रु (हजारमा) | लागत अनुमान रु (हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | चालु वर्ष (२०८२/८३) | दोस्रो वर्ष (२०८३/८४) | तेस्रो वर्ष (२०८४/८५) |
| १ | नौफेरी सिंचाई योजना, बारेकोट २ र ३ जाजरकोट | जाजरकोट | सिंचाई आयोजना | १९८६३. | ५००० | | - |
| २ | नौधारा देखि बगौति बिसौना सम्म सिँचाई, खार्पुनाथ ५, दुर्पा हुम्ला | हुम्ला | सिंचाई आयोजना | ११७७६. | ३००० | ८७७६. | - |
| ३ | लमही पाल्स सिंचाई आयोजना, अदानचुली ६, हुम्ला | हुम्ला | सिंचाई आयोजना | १५८४८. | ४००० | ११८४८. | - |
| ४ | खार्पुनाथ तथा लवासुर खानेपानी योजना, | हुम्ला | खानेपानी आयोजना | ११९४५. | ३००० | ८९४५. | - |

| क्र. सं. | आयोजनाको नाम | जिल्ला | प्रकार | जम्मा लागत अनुमान रु (हजारमा) | लागत अनुमान रु (हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | चालु वर्ष (२०८२/८३) | दोस्रो वर्ष (२०८३/८४) | तेस्रो वर्ष (२०८४/८५) |
| | खार्पुनाथ गापा ४ र ५ हुम्ला | | | | | | |
| ५ | गौरे रानीपोखरी लिफ्ट खानेपानी योजना, छत्रेश्वरी २, सल्यान | सल्यान | लिफ्ट खानेपानी | १५९७४. | ४००० | ११९७४. | - |
| ६ | खारखोला पक्की सिंचाई कुलो निर्माण योजना, गुर्भाकोट नपा १४ सुर्खेत | सुर्खेत | सिंचाई | २००००. | ५००० | १५०००. | - |
| ७ | खेल्नेचौर खानेपानी आयोजना, सिम्ता ८ | सुर्खेत | खानेपानी आयोजना | ६९२५. | २००० | ४९२५. | - |
| ८ | ढोरेनी लिफ्ट सिंचाई आयोजना गुर्भाकोट नपा १३, सुर्खेत | सुर्खेत | लिफ्ट सिंचाई | ११२००. | २८०० | ८४००. | - |
| ९ | गल्फा सिंचाई आयोजना, पन्चपुरी नपा १०, सुर्खेत | सुर्खेत | सिंचाई आयोजना | १०८६१. | ५००० | ५८६१. | - |
| १० | नर्कु देखि तल्लो नर्कुसम्म खानेपानी | डोल्पा | खानेपानी आयोजना | १००००. | २५०० | ७५००. | - |

| क्र. सं. | आयोजनाको नाम | जिल्ला | प्रकार | जम्मा लागत अनुमान रु (हजारमा) | लागत अनुमान रु (हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | चालु वर्ष (२०८२/८३) | दोस्रो वर्ष (२०८३/८४) | तेस्रो वर्ष (२०८४/८५) |
| | आयोजना, मुड्केचुला ६, डोल्पा | | | | | | |
| ११ | बुन्तरी खानेपानी आयोजना, त्रिपुराकोट ११, डोल्पा | डोल्पा | खानेपानी आयोजना | १००००. | २५०० | ७५००. | - |
| १२ | हुडीखोला (जुमलासिम) वालेश्वर लिफ्ट खानेपानी योजना, दुल्लु ८, दैलेख | दैलेख | लिफ्ट खानेपानी | १६८००. | ४२०० | १२६००. | - |
| १३ | बतासे मान्म सरु खानेपानी योजना, भैरवी-७, दैलेख | दैलेख | खानेपानी आयोजना | १००००. | २५०० | ७५००. | - |
| १४ | डोडारे खानर्पानी आयोजना भेरी न. पा. | जाजरकोट | खानेपानी आयोजना | १५९८२. | ४००० | ११९८२. | |
| १५ | सेरीपाटा तथा भर्ने लिफ्ट खानेपानी योजना कुमाख, ३ सल्यान | सल्यान | लिफ्ट खानेपानी | १५९४१. | ४००० | ११९४१. | |
| १६ | सिस्नेरी लिफ्ट सिंचाई योजना, | सल्यान | लिफ्ट सिंचाई | २६८४५. | ७००० | १९८४५. | |

| क्र. सं. | आयोजनाको नाम | जिल्ला | प्रकार | जम्मा लागत अनुमान रु (हजारमा) | लागत अनुमान रु (हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | चालु वर्ष (२०८२/८३) | दोस्रो वर्ष (२०८३/८४) | तेस्रो वर्ष (२०८४/८५) |
| | कपुरकोट ५ सल्यान | | | | | | |
| | | | जम्मा | २२९९६०. | ६०५००. | १५४५९७. | |
| | | | आगामी २ वर्षको स्रोत | | | | १५४५९७. |

**मिति २०८२।११।०६ गतेको निर्णयहरू :**

निर्णय नं १: कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ को दफा ४ को उपदफा (१) बमोजिमको निर्देशक समितिको मिति २०८२/०६/२९, २०८२।०७।१८ गतेको निर्णयानुसार स्रोत सहमतिका लागि सिफारिस भएका आयोजनाहरु मध्ये कर्णाली प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. २०८२/०८३(ब.का.म.), च.नं. ४५३, मिति २०८२/१०/२९ को पत्रानुसार वहुवर्षीय स्रोत सहमती प्राप्त भएका देहायका आयोजनाहरु (आयोजना संख्या ७) लाई ऐ. निर्देशिकाको दफा ६ मा उल्लेखित शर्तहरु पालना गर्ने गरी कार्यान्वयन गर्न ऐ. निर्देशिकाको दफा ३ को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्काको सहमति प्रदान गर्ने निर्णय गरियो ।

**मन्त्रालयको नाम: भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**

| सि. नं. | योजनाको नाम | जिल्ला | प्रकार | लागत अनुमान | विनियोजित | २०८३/८४ | २०८४/८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | गमगढी ताल्चा कालोपत्रे सडक निर्माण, मुगु | मुगु | सडक | १५९९३८ | ४०००० | ७००००. | ४९९३८ | ११९९३८ |
| २ | लिखवाङ जिपसिङ्ग झोपु | रुकुम पश्चिम | झोपु | ७७६१ | ३००० | ४७६१. | ० | ४७६१ |
| ३ | कारेखोला झोपु निर्माण काइके ३ | डोल्पा | झोपु | ५२५० | २५०० | २७५० | ० | २७५० |

| सि. नं. | योजनाको नाम | जिल्ला | प्रकार | लागत अनुमान | विनियोजित | २०८३/८४ | २०८४/८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ४ | पानीगैरा झोलुङ्गे पुल निर्माण | रुकुम पश्चिम | झोपु | ५७७७. | ३००० | २७७७. | ० | २७७७. |
| ५ | घारीखोला मोटरेवल पुल निर्माण आठविसकोट नपा रुकुम पश्चिभ | रुकुम पश्चिम | सडक पुल | ५४६१९. | १५००० | २५०००. | १४६१९ | ३९६१९ |
| ६ | चुलेल गाउँ-नाराकोट(सिँजा)-धापा-कोटघर-कुनौटा-लौरसिम-हाटसिंजा सडक | जुम्ला | सडक | १५१९९८. | ३८००० | ६००००. | ५३९९७ | ११३९९७ |
| ७ | घट्टेखोला ट्रसपुल निर्माण सिंजा ३ जुम्ला | जुम्ला | झोपु | ४७११ | १५०० | ३२११ | ० | ३२११ |
| | **जम्मा** | | | **३९००५४** | **१०३०००** | **१६८४९९** | **११८५५४** | **२८७०५३** |

**निर्णय नं २:** कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ को दफा ४ को उपदफा (१) बमोजिमको निर्देशक समितिको मिति २०८२/११/०४ गतेको निर्णयानुसार स्रोत सहमतिका लागि सिफारिस भएका आयोजनाहरु मध्ये कर्णाली प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. २०८२/०८३(ब.का.म.), च.नं. ४५६, मिति २०८२/११/०५ को पत्रानुसार "भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय वा मातहतबाट कार्यान्वयन हुने आयोजनाको बहुवर्षीय ठेक्का सहमति प्रयोजनको लागि स्रोत सहमतिका लागि सिफारिस भएकोमा कर्णाली प्रदेश बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ दफा ४ को उपदफा (१) बमोजिम निर्देशक समितिले मिति २०८२/११/०४ गते निर्देशिकाले निर्धारण गरेको समयावधि पश्चात यस मन्त्रालयमा स्रोत सहमति माग

गर्ने निर्णय गरेको सन्दर्भ तथा आयोजनाको कार्यान्वयन पूर्व कर्णाली प्रदेश बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ को दफा ६ मा उल्लेखित बहुवर्षीय ठेक्का आयोजना स्वीकृतिका आधार पुरा गरी बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न सकिने शर्तमा निर्देशक समितिबाट स्वीकृत भएको सन्दर्भमा कर्णाली प्रदेश योजना आयोगबाट कार्यान्वयनका पूर्वशर्त पुरा गराई सम्बन्धित मन्त्रालयबाट आयोजना कार्यान्वयन गरी खर्च दायित्व सिर्जना भई सोको पुष्ट्याँइ सहित कर्णाली प्रदेश योजना आयोगको सिफारिस प्राप्त भएका बखत माग भएबमोजिमको स्रोत भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयलाई प्रदान गरिएको बजेट सीमाभित्रबाट व्यवस्थापन गर्न सकिने गरी देहायको आयोजनाको लागि बहुवर्षीय स्रोत सहमति प्रदान गरिएको व्यहोरा मन्त्रालयको मिति २०८२/११/०५ गतेको माननीय मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध छ।" भनी लेखिआएकोले सोही बेहोराअनुसारका सर्तहरू र ऐ. निर्देशिकाको दफा ६ मा उल्लिखित सर्तहरू समेत विषयगत मन्त्रालयले पूर्णरुपमा पालना गरी कार्यान्वयन गर्ने गराउने सर्तमा बहुवर्षीय ठेक्काको सहमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | जिल्ला | जम्मा लागत अनुमान रु (हजारमा) | लागत अनुमान रु (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | चालु वर्ष (२०८२/८३) | दोस्रो वर्ष (२०८३/८४) | तेस्रो वर्ष (२०८४/८५) | कुल जम्मा |
| १ | डोसा पुल निर्माण साँगुडी | हुम्ला | ५९९९३ | १५००० | २२५०० | २२४९३ | ४४९९३ |

**मिति २०८२।११।११ गतेको निर्णयहरू :**

निर्णय नं १: प्रस्ताव नं १ मा छलफल गर्दा आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ को यसैसाथ संलग्न मसौदा उपर छलफल गरियो । छलफलबाट उठेका विषयहरु समावेश गरी अन्तिम रुप प्रदान गरियो र उक्त संशोधित मसौदा पारितका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**मिति २०८२।१२।०९ गतेको निर्णयहरू :**

**निर्णय नं १:** प्रस्ताव नं १ मा छलफल गर्दा कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२ को मसौदा समितिबाट यस आयोगमा प्राप्त अन्तिम मसौदा उपर छलफल गरियो । छलफलबाट उठेका विषयहरु समावेश गरी अन्तिम रुप प्रदान गरी उक्त संशोधित मसौदा कर्णाली प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०८१ को दफा १७ को उपदफा (४) बमोजिम स्वीकृत गर्ने ।

**मिति २०८३।०१।३१ गतेको निर्णयहरू :**

**निर्णय नं १:**

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको पत्र संख्याः २०८२।८३, चलानी नं. ६९५, मिति २०८३।०१।०३ को यस आयोगमा प्राप्त डोसा पुल निर्माण साँगुडी आयोजनाको सम्बन्धी थप स्पष्टता गरिदिने विषयको पत्रको सन्दर्भमा छलफल गर्दा मिति २०८२ साल फागुन ०६ गते बसेको कर्णाली प्रदेश योजना आयोगको बैठकको निर्णय नं २ को बेहोरा सम्बन्धमा देहायबमोजिम हुनेगरी स्पष्ट गरी लेखि पठाउने निर्णय गरियो।

**देहायः**

कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ को दफा ४ को उपदफा (१) बमोजिमको निर्देशक समितिको मिति २०८२/११/०४ गतेको निर्णयानुसार स्रोत सहमतिका लागि सिफारिस भएका आयोजनाहरु मध्ये कर्णाली प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. २०८२/०८३(ब.का.म.), च.नं. ४५६, मिति २०८२/११/०५ को पत्रानुसार "भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय वा मातहतबाट कार्यान्वयन हुने आयोजनाको बहुवर्षीय ठेक्का सहमति प्रयोजनको लागि स्रोत सहमतिका लागि सिफारिस भएकोमा कर्णाली प्रदेश बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ दफा ४ को उपदफा (१) बमोजिम निर्देशक समितिले मिति २०८२/११/०४ गते निर्देशिकाले निर्धारण गरेको समयावधि पश्चात यस मन्त्रालयमा स्रोत सहमति माग गर्ने निर्णय गरेको सन्दर्भ तथा आयोजनाको कार्यान्वयन पूर्व कर्णाली प्रदेश बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ को दफा ६ मा उल्लेखित बहुवर्षीय ठेक्का आयोजना स्वीकृतिका आधार पुरा गरी बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न सकिने शर्तमा निर्देशक समितिबाट स्वीकृत भएको सन्दर्भमा कर्णाली प्रदेश योजना आयोगबाट कार्यान्वयनका पूर्वशर्त पुरा गराई सम्बन्धित मन्त्रालयबाट आयोजना कार्यान्वयन गरी खर्च दायित्व सिर्जना भई सोको पुष्ट्याँइ सहित कर्णाली प्रदेश योजना आयोगको सिफारिस प्राप्त भएका बखत माग भएबमोजिमको स्रोत भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयलाई प्रदान गरिएको बजेट सीमा भित्रबाट व्यवस्थापन गर्न सकिने गरी देहायको आयोजनाको लागि बहुवर्षीय स्रोत सहमति प्रदान गरिएको व्यहोरा मन्त्रालयको मिति २०८२/११/०५ गतेको माननीय मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध छ।" भनी लेखिआएकोले सोही बेहोराअनुसारका सर्तहरू र ऐ. निर्देशिकाको दफा ६ मा उल्लिखित सर्तहरू समेत विषयगत मन्त्रालयले पूर्णरुपमा पालना गरी कार्यान्वयन गर्ने गराउने सर्तमा बहुवर्षीय ठेक्काको सहमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | जिल्ला | जम्मा लागत अनुमान रू. (हजारमा) | चालु वर्ष (२०८२/८३) | स्रोत सुनिश्चित रकम रु (हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | दोस्रो वर्ष (२०८३/८४) | तेस्रो वर्ष (२०८४/८५) | कुल जम्मा |
| १ | डोसा पुल निर्माण साँगुडी | हुम्ला | ५९९९३ | १५००० | २२५०० | २२४९३ | ४४९९३ |

**मिति २०८३।०३।३२ गतेको निर्णयहरू :**

प्रस्ताव नं १ मा छलफल गर्दा कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) को कार्यान्वयन कार्ययोजना तर्जुमाका लागि कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन, २०७५ को भाग ३ को ३.२(क) बमोजिमको निर्देशक समितिबाट अन्तिम रुप दिई स्वीकृतिका लागि प्राप्त भएकोमा यसैसाथ संलग्न कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

## ७.२ कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ७ बमोजिमको प्रदेश विकास परिषद्को बैठक

**(जम्मा बैठक संख्या : १)**

मिति २०८३।०२।१७ गते बसेको बैठकको निर्णयहरू :

(१) प्रस्ताव नं. १ मा छलफल गर्दा कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षिय योजना (२०८१।८२-२०८५।८६) को कार्यान्वयन कार्ययोजना निर्माणका लागि बैठकको छलफलबाट उठेका उपयुक्त सुझावहरु मसौदामा समावेश गर्ने निर्णय गरियो ।

(२) प्रस्ताव नं. २ मा छलफल गर्दा कर्णाली प्रदेश विकास समस्या समाधान समितिको वैठकको निर्णयको कार्यान्वयन अवस्थाको जानकारी गराईयो । यस विकास परिषद्मा उठेका विषयहरु आगामी प्रदेश विकास समस्या समाधान समितिको बैठकमा छलफलको विषयको रुपमा प्रस्तुत गर्ने निर्णय गरियो ।

(३) प्रस्ताव नं. ३ मा छलफल गर्दा आयोजना बैङ्कको कार्यान्वयनको अवस्था बारे जानकारी गराईयो र यसको प्रभावकारीताको लागि परिषद्बाट उठाइएका सुझावहरु समेटी आयोजना बैङ्कलाई थप स्वचालित, व्यवस्थित र प्रभावकारी बनाउने निर्णय गरियो । साथै प्रदेश विकास परिषद्को बैठकको निर्णय प्रतिलिपी कर्णाली प्रदेशका सबै मन्त्रालय, जिल्ला समन्वय समिति र स्थानीय तहहरूमा पठाउने निर्णय गरियो ।

## ७.३ कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को दफा ३ को उपदफा (१) बमोजिमको विकास समस्या समाधान समितिको वैठक

**(जम्मा बैठक संख्या : ३ )**

**मिति २०८२।०५।०२ गतेको निर्णयहरू :**

(१) प्रस्ताव नं १ माथि छलफल गर्दा कर्णाली प्रदेशको अनुगमन तथा मूल्यांकन निर्देशिका, २०७५ को दफा ५ मा व्यवस्था भए अनुसार कर्णाली प्रदेश सरकारका विषयगत मन्त्रालयहरुको विभिन्न मितिमा बसेको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठ्कका निर्णयहरुमा यसै निर्देशिकाको दफा ४ अनुसारको प्रदेश विकास समस्या समाधान उपसमितिको बैठ्कको निर्णयबाट

प्राप्त तपसिल अनुसारका मन्त्रालयहरुका विकाससँग सम्बन्धित समस्याहरु समाधान गर्न देहायअनुसारको निर्णय गरियो ।

(२) तपशिलः

| क्र. सं. | मन्त्रालयको नाम | समस्या | समाधानको उपाय |
|---|---|---|---|
| क | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १. स्थानीय सेवाका कर्मचारीहरुको अभिलेख व्यवस्थापन प्रणाली सञ्चालन<br>२.प्रमुख प्रशासकीय अधिकृत खटनपटन | १. स्थानीय सेवाका कर्मचारीहरुको अभिलेख व्यवस्थापन प्रणाली सञ्चालनमा नरहेकाले राष्ट्रिय किताबखाना (निजामती) बाट स्थानीय तहका कर्मचारीहरुको अभिलेख व्यवस्थापन प्रणाली प्रदेश सरकारलाई हस्तान्तरण गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्ने ।<br>२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकमुष्ट रुपमा प्रदेश अन्तर्गतका स्थानीय तहका लागि प्रमुख प्रशासकीय अधिकृत मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा खटाउने व्यवस्था गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने । |
| ख | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १. सुर्खेतमा जल तथा मौसम विज्ञानको कार्यालय प्रदेश स्तरमा स्थापना<br>२. सुर्खेतमा नेपाल टेलिभिजन प्रसारण केन्द्र स्थापना तथा सञ्चालन<br>३. संघीयता कार्यान्वयनका लागि आवश्यक कानून निर्माण गर्न | १. उर्जा,जलस्रोत तथा सिँचाइ विकास मन्त्रालय अन्तर्गत रहेको जल तथा मौसम विज्ञानको कार्यालय कोहलपुरबाट सञ्चालन गरी आएकोमा कर्णाली प्रदेश राजधानी वीरेन्द्रनगर सुर्खेतमा स्थापना गर्न सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने<br>२. सुर्खेतमा नेपाल टेलिभिजन प्रसारण केन्द्र स्थापना तथा सञ्चालन गर्न नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने ।<br>३. संघीयता कार्यान्वयनका लागि आवश्यक कानून निर्माण गर्न बाँकी रहेकाले कानून निर्माण गर्ने । |

| क्र. सं. | मन्त्रालयको नाम | समस्या | समाधानको उपाय |
|---|---|---|---|
| | | ४. भुकम्प पछिको पुनः निर्माण तथा पुनःस्थापना | ४. जाजरकोट केन्द्रबिन्दु बनाएर गएको भुकम्प पछिको पुनः निर्माण तथा पुनःस्थापना कार्यलाई यथाशिघ्र सम्पन्न गर्न संघीय सरकारलाई अनुरोध गर्ने । |
| ग | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | १. खानेपानी आयोजना निर्माण सम्पन्न<br>२. सशर्त, समपूरक तथा विशेष अनुदानका प्रदेश स्तरमा कार्यान्वयन गर्ने<br>३.खानेपानी,सिचाइ तथा उर्जा विकास कार्यालय जाजरकोटको कार्यालय भवन निर्माण गर्न जग्गा प्राप्ति | १. खानेपानी सुशासन तथा पूर्वाधार सहयोग आयोजना (भेरी पम्पिङ आयोजना) वीरेन्द्रनगर सुर्खेत र खानेपानी आयोजना शारदा नपा सल्यानलाई सो आयोजनाहरु तोकिएकै समयभित्र सम्पन्न गर्न संघीय सरकारको खानेपानी मन्त्रालयमा सहजीकरणको लागि अनुरोध गर्ने ।<br>२. सशर्त, समपूरक तथा विशेष अनुदानका प्रदेश स्तरमा कार्यान्वयन गरिने आयोजनाको सन्दर्भमा पहिलो आर्थिक वर्षमा नै स्रोत सुनिश्चत तथा बजेट व्यवस्थापन गर्न संघीय सरकारका खानेपानी र सिचाइ मन्त्रालयलाई अनुरोध गर्ने र सशर्त अनुदान तर्फका आयोजनाको लागि संघीय सरकारका सम्बन्धित मन्त्रालय र समपूरक तथा विशेष अनुदानका आयोजनाका लागि राष्ट्रिय योजनासगँ प्रभावकारी समन्वय गर्ने।<br>३. स्वास्थ्य सेवा कार्यालय जाजरकोटको नाममा दर्ता श्रेस्ता रहेको कि.न.१५९८ ,क्षेत्रफल १७-१३-३-१ मध्ये ३ रोपनी जग्गा खानेपानी,सिचाइ तथा उर्जा विकास कार्यालय जाजरकोटको कार्यालय भवन निर्माण गर्न जग्गा प्राप्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेतको चं. नं.१६०९ मिति २०८१।०९।१९ को सिफारिस पत्र,भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबर महल काठमाडौंको च.न. १६१० मिति २०८१ |

| क्र. सं. | मन्त्रालयको नाम | समस्या | समाधानको उपाय |
|---|---|---|---|
| | | | ।९ ।१९ गतेको सिफारिस पत्र समेत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौंमा पठाएको हालसम्म पनि जग्गा प्राप्त हुन नसकेकाले यथाशिघ्र जग्गा प्राप्तिको व्यवस्था गर्न संघीय सरकारलाइ अनुरोध गर्ने। |
| घ | सामाजिक विकास मन्त्रालय | १. प्रदेशका जिल्लाहरुमा पूर्वाधार विकासका आयोजनाहरुको प्राविधिक काममा जिम्मेवारी तथा समन्वयको समस्या | १. दैलेख, सल्यान,रुकुम पश्चिम र हुम्ला जिल्लाको निर्माणधिन अस्पताल भवनको प्राविधिक काम संघीय आयोजना कार्यान्वयन इकाई जुम्लाले गरि आएकोमा सो आयोजनाहरुको प्राविधिक कामलाई व्यवस्थित र थप प्रभावकारी बनाउन सम्बन्धित जिल्लाका पूर्वाधार विकास कार्यालयहरुलाई जिम्मेवारी प्रदान गरी समन्वयको समेत कार्य गर्न संघीय सरकारको सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्ने । |
| ङ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | १. स्थानीय निर्माण सामाग्रीको आपूर्ति सम्बन्धमा<br>२. सार्वजनिक खरिद कानुन संशोधन<br>३. राष्ट्रिय गौरवका आयोजनाहरुका निर्माणमा सहजीकरण | १. स्थानीय निर्माण सामाग्रीको आपूर्ति व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहहरुसगँ समन्वय गर्ने ।<br>२. सार्वजनिक खरिद ऐन संशोधनको लागि संघीय सरकारलाई अनुरोध गर्ने र कर्णाली प्रदेश सरकारको खरिद नियमावली यथाशीघ्र संशोधन गर्ने ।<br>३. कर्णाली प्रदेशमा निर्माणाधीन चरणमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरु र अन्य महत्वपूर्ण आयोजनाहरु निर्धारित तोकिएको समयसीमा भित्र गुणस्तरीय रुपमा सम्पन्न गर्न प्रदेश सरकारबाट स्थलगत निरीक्षण अनुगमन तथा सहजीकरण गर्ने । |

| क्र. सं. | मन्त्रालयको नाम | समस्या | समाधानको उपाय |
|---|---|---|---|
| च | उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय | १. सुर्खेतबाट दुर्गम जिल्लाहरुमा हुने हवाइ उडान व्यवस्थापन गर्ने<br>२.सिमाना विवाद सम्बन्धमा | १. सुर्खेतबाट कर्णाली प्रदेशका दुर्गम जिल्लाहरुमा हुने हवाइ उडानलाइ नियमित,विश्वसनीय,सहज र व्यवस्थित गर्न र भाडादरलाई समयानूकुल तथा जनमैत्री बनाउन संघीय सरकारको संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध गर्ने<br>२. कालीकोट जिल्लाको सान्नि त्रिवेणी गा.पा त्रिवेणी पाटनमा रहेको बडीमालिकाको सिमाना विवाद समाधान गर्न सुदूर पश्चिम प्रदेश सरकारसँग छलफल,परामर्श र समन्वय गर्ने । |
| छ | भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय | १. कृषि तथा पशुपंक्षीजन्य बस्तु तथा सेवा आयात र निर्यात व्यवस्थापनमा समस्या<br>२. जैविक मलको माग बढी भएको र आपूर्ति कम<br>३. कृषिजन्य बालीमा पेटेन्ट राइट | १. कृषि तथा पशुपंक्षीजन्य बस्तु तथा सेवा आयात र निर्यात व्यवस्थापनलाई सहज बनाउन हुम्लाको हिल्सा सिमा नाकामा क्वारेनन्टाइन स्थापनाका लागि संघीय सरकारसँग माग गर्ने ।<br>२. कर्णाली प्रदेशलाई प्राङ्गारिक मल प्रयोगको हवको रुपमा स्थापना गर्न रासायानिक मलको सट्टा प्राङगारिक तथा जैविक मलमा अनुदान बढाउन संघीय सरकारसँग माग गर्ने ।<br>३. कृषिजन्य बालीमा पेटेन्ट राइट सम्बन्धी कानुन संशोधन गर्न संघीय सरकारसँग अनुरोध गर्ने। |

**मिति २०८२।०९।१५ गतेको निर्णयहरू :**

**निर्णय नं. १**

कर्णाली प्रदेश विकास समस्या समाधान समितिको मिति २०८२/०५/०२ गते भएको बैठकका निर्णयको हाल सम्मको कार्यन्वयनको अवस्था बारे समिक्षा गरियो र केहि निर्णयहरु पूर्ण रुपमा कार्यान्वियन हुन नसकेकोले सम्बन्धित निकायमा पठाउने र कर्णाली प्रदेशको अनुगमन तथा मुल्यांकन निर्देशिका २०७५ को दफा ४ को उपदफा (१) अनुसारको प्रदेश विकास समस्या समाधान उप समितिको मिति

२०८२/०९/१४ गतेको निर्णयानुसार यस समितिमा पेश भएको कर्णाली प्रदेशका विषयगत मन्त्रालयको मन्त्रालयगत विकाससंग सम्बन्धित समस्याहरु र सोको समाधानका लागि तपसिल अनुसारको कार्य गर्न/गराउन सम्बन्धित निकायलाई निर्देशन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| क | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | १. स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटनपटनको अधिकार प्रदेश सरकारमा नरहेको<br>२. सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजनको प्रसारण सुर्खेतबाट नभएको<br>३. भूकम्प पश्चातको पुननिर्माण तथा पुनस्थापनाको कार्यमा ढिलाई<br>४. जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त भएको पूर्वाधार संरचनाहरुको पुनर्निर्माण कार्यमा ढिलाई<br>५. कर्णाली प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश सरकारबाट नियुक्त भएका कर्मचारीहरुको सञ्चित बिदा, औषधी उपचार तथा उपदानको रकम भुक्तानीको कठिनाई<br>६. समसामयिक कानुन निर्माण संशोधनमा तहगत र निकायगत समन्वयमा समस्या रहेको । | १. स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोझै खटाउँदै आएकोमा सो व्यवस्था परिमार्जन गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकमुष्ट रूपमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित प्रदेशमा खटाउने र प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रिक्त रहेको स्थानीय तहमा खटाउने, व्यवस्था गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पुनःपठाउने ।<br>२. सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजनको प्रसारण सुर्खेतबाट नभएकोले उक्त टेलिभिजन प्रसारण कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतमा स्थापना गर्नको लागि नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने ।<br>३. मिति २०८० कार्तिक १७ गते जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रबिन्दु भइ गएको भूकम्प पश्चातको पुनर्निर्माण तथा स्थापनाको कार्य यथाशीघ्र सम्पन्न गर्नका लागि नेपाल सरकार गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने । |

| क्र.सं. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | | | ४. जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त भएको माननीय मुख्यमन्त्रीज्यूको सरकारी निवास तथा प्रदेश सरकार अन्तरगतका अन्य भौतिक पूर्वाधार संरचनाको पुनर्निर्माणको लागि आवश्यक बजेट व्यवस्था गर्न नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने<br>५. कर्णाली प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश सरकारबाट नियुक्त भएका कर्मचारीहरुको सञ्चित बिदा, औषधी उपचार तथा उपदानको रकम भुक्तानीका लागि आवश्यक पर्ने रकम आर्थिक वर्ष २०८३ ।८४ को वार्षिक बजेट तथा कार्यक्रममा सम्बन्धित शीर्षकमा विनियोजन गर्न र सो रकम भुक्तानी सम्बन्धी कानून तर्जुमा गर्नका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयलाई पत्राचार गर्ने ।<br>६. आन्तरिक मामिला तथा कानून मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएपछि विभिन्न कानूनहरूमा संशोधन गर्नुपर्ने भएकोले कानून संशोधन सम्बन्धी कार्य विषयगत मन्त्रालयसँग समन्वय गरी कानून क्षेत्रबाट यथाशीघ्र सम्पन्न गर्ने |
| **ख** | **आर्थिक मामिला तथा योजना मन्त्रालय** | १. विशेष प्रस्ताव अनुसारका आयोजनामा बजेट बाँडफाँड सम्बन्धी समस्या | १. कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जलस्रोत तथा उर्जा विकास मन्त्रालयको अर्थ वित्तीय व्यवस्थामा विनियोजन भएको रु ११ करोड ५० लाख कर्णाली प्रदेश सभाबाट पारित भएको विशेष प्रस्ताव अनुसारका आयोजनामा बजेट बाँडफाँड सम्बन्धी |

| क्र. सं. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
| --- | --- | --- | --- |
| | | | यस मन्त्रालयबाट निर्णय भएतापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा अद्यावधिक हुन नसकेको हुँदा सो को समाधानका लागि नेपाल सरकार अर्थ मन्त्रालयसँग समन्वय गर्ने |
| ग | **जलस्रोत तथा उर्जा विकास मन्त्रालय** | १. प्रदेश सरकारका निकायवाट संचालन हुने आयोजनामा लागत सहभागितांका अंश सम्बन्धि समस्या<br>२. लागत साझेदारी र सह लगानीमा आधारीत खानेपानी तथा ऊर्जा सम्वन्धी आयोजनाको निर्माण सम्वन्धी समस्या | १. कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा ८ को उपदफा १० मा व्यवस्था "प्रदेश सरकारका निकायवाट लागत सहभागिताका आधारमा प्रदान गरिने जुनसुकै प्रकारका अनुदानमा दोहोरोपन नहुने गरी त्यस्तो अनुदानमा प्रदेश सरकारको अंश बढीमा पचास प्रतिशत मात्र हुनेछ" उल्लेख भएकोमा सो व्यवस्थाले सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम उपभोक्ता समिति मार्फत गराइने सार्वजनिक निर्माण कार्यहरुमा समेत उक्त प्रावधान आकर्षित हुने/नहुने सम्बन्धमा दुविधा भएकोले सो सम्बन्धमा थप स्पष्टताका लागि बाधा अडकाउ फुकाउन आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने।<br>२. यस मन्त्रालयको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक विकास कार्यक्रममा रहेको लागत सांझेदारी र सहलगानीमा आधारित निर्माण गरिने खानेपानी तथा ऊर्जा सम्बन्धी आयोजनाहरु प्रदेश सरकारको लगानी बढीमा पचास प्रतिशत मात्र हुने भन्ने विषय कर्णाली प्रदेश विनियोजन ऐनमा उल्लेख भएकाले कार्यविधि निर्माणमा अन्योलता उत्पन्न भएकोले कार्यक्रमहरु |

| क्र. सं. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | | | कार्यन्वयनमा ल्याउन समस्या देखिएकाले सो सम्बन्धमा थप स्पष्टताका लागि बाधा अडकाउ फुकाउन आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने |
| घ | **सामाजिक विकास मन्त्रालय** | १. नेपाल सरकारको अनुदानबाट निर्माणाधीन अवस्थामा रहेका रुकुमपश्चिम, सल्यान, हुम्ला र दैलेख अस्पताल भवनहरुको प्राविधिक सुपरिवेक्षण, नियमन र मूल्याङ्कनको कार्य नेपाल सरकार शहरी विकास मन्त्रालय मातहतको शहरी विकास तथा भवन निर्माण कार्यालय, जुम्ला मार्फत हुने गरेकोमा कार्य असहजता भएको।<br>२. प्रदेश सरकार कार्यविभाजन नियमावली अनुसार श्रम तथा रोजगार सम्बन्धी कार्यक्षेत्र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तर्गत राखिएको तर श्रम तथा रोजगार शाखा र जनशक्ति सामाजिक विकास मन्त्रालय मातहत रहेको देखिएकोले कार्यसञ्चालन एवम् योजना तर्जुमा तथा | १. नेपाल सरकारको अनुदानबाट निर्माणाधीन अवस्थामा रहेका रुकुमपश्चिम, सल्यान, हुम्ला र दैलेख अस्पताल भवनहरुको प्राविधिक सुपरिवेक्षण नियमन मूल्यांकनको कार्यलाई थप प्रभावकारी र व्यवस्थित गर्न नेपाल सरकार शहरी विकास मन्त्रालयलाई अनुरोध गर्ने<br>२. संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालयको एकल जिम्मेवारी निर्धारण गरिनुपर्ने ।<br>३. विद्यमान कार्यविधि संशोधन गरी बजेट विनियोजन भएको मन्त्रालय मार्फत कार्यान्वयन गरिनुपर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा ६१ अनुसार मन्त्रालयले कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्ने, दलित नियमावली तर्जुमामा आवश्यक सहजीकरण गरिनुपर्ने ।<br>४. अत्यावश्यक रहे नरहेको मन्त्रालय मार्फत यकिन गराई अत्यावश्यक विशेषज्ञ पदहरु स्वीकृति दरबन्दीमा लोक सेवा आयोगबाट पदपूर्ति नभएसम्मका लागि करार सेवामा राखी काम गराउन सक्ने विषयमा सहजीकरण गरिनुपर्ने । |

| क्र.सं. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | | कार्यान्वयनमा अन्यौलता सिर्जना हुने गरेको ।<br>३. मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रममा विनियोजन भएको रकम कार्यान्वयन गर्ने मन्त्रालय उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय राखिएको । साबिकमा प्रदेश सरकारबाट कार्यविधि तर्जुमा भएकोमा नभएको कार्यविधि खारेजी / संशोधन हुन नसकेको अवस्थामा<br>४. विगतदेखि अत्यावश्यक कर्मचारीहरुमार्फत सेवा लिइदै आएकोमा बजेट सुनिश्चित नहुँदा कार्यसम्पादनमा असहजता भएको | |
| ङ | **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) समयानुकुल अध्यावधिक हुन नसेको । | १. यस मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा हाल निर्माण तथा स्थापना भै संचालनमा आएका संरचनाहरु (विषादी द्रुतविश्लेषण प्रयोगशाला-हर्रे सुर्खेत र कपुरकोट सल्यान, तरल नाइट्रोजन प्लान्ट संचालन, रिफरल भेटनरी अस्पताल) र यस अघि नितिगत रुपमा निर्णय भएका मौरी विकास केन्द्र, जाजरकोट, सुन्तलाजात फलफूल विकास केन्द्र, सल्यान, बाखा विकास फर्म, दैलेख र चौरी विकास फर्म, |

| क्र. सं. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | | | डोल्पाको छुट्टै संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने । |
| च | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १. सरकारी कार्यालयको भवन निर्माणमा तथा अन्य काठ जन्य सामाग्री प्रयोजनमा स्वदेशी काठको प्रयोग सम्बन्धि समस्या<br>२. माथिल्लो कर्णालीका जिल्लामा सहुलियत हवाई उडान कार्यक्रमको कार्यन्वयनमा कठिनाई ।<br>३. बडिमालिका पर्यटन पुर्वाधार आयोजनाको कार्यन्वयनमा सिमाना विवाद सम्बन्धि समस्या रहेको । | १. सरकारी कार्यालयको भवन निर्माणमा तथा अन्य काठ जन्य सामाग्री प्रयोजनमा स्वदेशी काठको प्रयोगलाई प्राथमिकता गराउन प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्ने ।<br>२. सुर्खेतबाट कर्णाली प्रदेशका दुर्गम जिल्लाहरुमा हुने हवाइ उडानलाइ नियमित, विश्वसनीय, सहज र व्यवस्थित गर्न र भाडादरलाई समयानुकुल तथा जनमैत्री बनाउन संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध गर्ने । ३. कर्णाली प्रदेश सरकारबाट लगानी भएको कालीकोट जिल्लाको सान्नि त्रिवेणी गा.पा त्रिवेणी पाटनमा रहेको बडीमालिकाको पर्यटन पुर्वाधार आयोजनामा रहेको सीमा विवाद सम्बन्धि समस्या समाधान गर्नका लागि सुदुरपश्चिम तथा कर्णाली प्रदेश सरकार बिच छलफल गर्न अन्तर प्रदेश परिषदमा पेश गर्ने । |
| छ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | १. मन्त्रालय र मातहतका निकायको कार्यबोझ, कार्य प्रकृति, कार्य जिम्मेवारी अनुसारको हालको संगठन संरचना र जनशक्ति विवरण अध्यावधिक नभएकोले | १. मन्त्रालय र मातहतका निकायको कार्यबोझ कार्य, प्रकृति कार्य, जिम्मेवारी अनुसारको हालको संगठन संरचना र जनशक्ति विवरण नरहेकोले वार्षिक लक्ष्य उपलब्धि हासिल गर्न आवस्यकता र औचित्यताका अधारमा O & M Survey अध्यावधिक गर्नु पर्ने । |

| क्र. सं. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | | वार्षिक लक्ष्य उपलब्धि हासिल हुन नसकेको<br>२. रानीघाट तेलपानी भुरीगाँउ सडकको राष्ट्रिय प्रथामिकता प्राप्त आयोजनाको रुपमा सिफारिस नभएको<br>३. प्रदेश राजधानी शहरी सडक सुर्खेतको कार्यन्वयनमा समस्या<br>४. सवारी साधन ट्रायल सेन्टर सुर्खेतको निर्माण स्थलवाट टहरा हटाउन नसकेको | २. रानीघाट तेलपानी भुरीगाँउ सडकको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा सिफारिस गर्न प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने<br>३. प्रदेश राजधानी शहरी सडक सुर्खेतको ठेक्का अन्त्य गरे पश्चात स्रोत सुनिश्चितता गरी पुनः ठेक्का गर्न आवश्यक प्रबन्ध मिलाउने<br>४. पूर्वाधार विकास निर्देशनालयबाट ठेक्का भई सवारी साधन ट्रायल सेन्टर सुर्खेतको निर्माण स्थलमा टहरा हटाउने सम्वन्धमा स्थानीय प्रशासनलाई अनुरोध गर्ने |

**निर्णय नं. २**

कर्णाली प्रदेशको अनुगमन तथा मुल्यांकन निर्देशिका २०७५ को दफा ४ को उपदफा (१) अनुसारको प्रदेश विकास समस्या समाधान उप समितिको मिति २०८२/०९/१४ गतेको बैठकको निर्णयानुसार यस समितिमा पेश भएको कर्णाली प्रदेशका विषयगत मन्त्रालयको मन्त्रालयगत विकाससंग सम्बन्धित समस्याहरु मध्ये देहायका समस्याहरु समाधानका लागि मिति २०८२/०९/१६ र १७ गते हुने ५५ औ राष्ट्रिय विकास समस्या समाधान समितिको वैठकमा पेश गर्ने निर्णय गरियो।

**तपशिल:**

- स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोझै खटाउँदै आएकोमा तहगत सरकार वीच समन्वय, सहकार्य एवं कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यन्वयन गर्न विधमान समस्या समाधान गर्न सो व्यवस्था परिमार्जन गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकमुष्ट रूपमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्वन्धित प्रदेशमा खटाउने र प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रिक्त रहेको स्थानीय तहमा खटाउने व्यवस्था गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने।
- सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजनको प्रसारण सुर्खेतमा नहुदा यस प्रदेश र अन्तरगतका निकायबाट भए गरेका विकास र अन्य काम कारवाहीका बारे सूचना प्रवाह गर्न कठिनाई भएकोले

उक्त समस्या समाधान गर्न नेपाल टेलिभिजन प्रसारण कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतमा स्थापना गर्नको लागि नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने।

- मिति २०८० कार्तिक १७ गते जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रबिन्दु भइ गएको भूकम्प पश्चातको पुनर्निर्माण तथा स्थापनाको कार्य यथाशीघ्र सम्पन्न गर्नका लागि नेपाल सरकार गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने।
- कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जलस्रोत तथा उर्जा विकास मन्त्रालयको अर्थ वित्तीय व्यवस्थामा विनियोजन भएको रु ११ करोड ५० लाख कर्णाली प्रदेश सभाबाट पारित भएको विशेष प्रस्ताव अनुसारका आयोजनामा बजेट बाँडफाँड सम्बन्धी यस मन्त्रालयबाट निर्णय भएतापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा अद्यावधिक हुन नसकेको हुँदा सो को समाधानका लागि नेपाल सरकार अर्थ मन्त्रालयसँग समन्वय गर्ने।
- नेपाल सरकारको अनुदानबाट निर्माणाधीन अवस्थामा रहेका रुकुमपश्चिम, सल्यान, हुम्ला र दैलेख अस्पताल भवनहरुको प्राविधिक सुपरिवेक्षण, नियमन र मूल्याङ्कन कार्यलाई थप प्रभावकारी र व्यवस्थित गर्न नेपाल सरकार शहरी विकास मन्त्रालयलाई अनुरोध गर्ने।
- सुर्खेतबाट कर्णाली प्रदेशका दुर्गम जिल्लाहरुमा हुने हवाई उडानलाई नियमित, विश्वसनीय, सहज र व्यवस्थित गर्न र भाडादरलाई समयानुकुल तथा जनमैत्री बनाउन संघीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध गर्ने।
- कर्णाली प्रदेश सरकारबाट लगानी भएको कालीकोट जिल्लाको सान्नि त्रिवेणी गा.पा त्रिवेणी पाटनमा रहेको बडीमालिकाको पर्यटन पुर्वाधार आयोजनामा रहेको सीमा विवाद सम्बन्धि समस्या समाधान गर्नका लागि सुदुरपश्चिम तथा कर्णाली प्रदेश सरकार विच छलफल गर्न अन्तर प्रदेश परिषदमा पेश गर्ने।
- जेन्जी आन्दोलनबाट क्षतिग्रस्त भएका प्रदेश सरकार अन्तरगतका पूर्वाधार संरचनाको पुनर्निर्माण कार्य गर्न आवश्यक बजेट व्यवस्थापन गर्न नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने।

**<u>मिति २०८३।०२।०१ गतेको निर्णयहरू :</u>**

**निर्णय न. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा मिति २०८२ साल पुस १५ मा बसेको कर्णाली प्रदेश विकास समस्या समाधान समितिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे समिक्षात्मक छलफल गरियो र केही निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन हुन नसकेकाले सम्बन्धित निकायमा पुनः लेखि पठाउने निर्णय गरियो।

**निर्णय न. २**

प्रस्ताव नं २ मा छलफल गर्दा कर्णाली प्रदेशको अनुगमन तथा मुल्यांकन निर्देशिका २०७५ को दफा ४ को उपदफा (१) अनुसारको प्रदेश विकास समस्या समाधान उप-समितिको मिति २०८३।०१।२९

गतेको निर्णयानुसार यस समितिमा पेस भएका विषयगत मन्त्रालयको मन्त्रालयगत विकाससँग सम्बन्धित समस्याहरु र सोको समाधानका लागि तपसिल अनुसारको कार्यहरु गर्न/गराउन सम्बन्धित निकायलाई निर्देशन सहित पत्राचार गर्ने निर्णय गरियो ।

| सि. न. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| क | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सङ्घ सरकारबाट हुने परिपत्रबाट प्रदेशमा भएका कानून र बजेट कार्यान्वयनका सम्बन्धमा अन्यौलता सिर्जना भएको ।<br>योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको कार्यान्वयन ।<br>भूकम्प पश्चातको पुन: निर्माण तथा पुन:स्थापना कार्यमा कठिनाई भएको ।<br>स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटनपटन सङ्घबाट हुँदा प्रदेशमा समन्वय कमजोर भएको ।<br>सार्वजनिक सेवा प्रसारण (नेपाल टेलिभिजन) को क्षेत्रीय प्रसारण सुर्खेतबाट नभएको ।<br>विभिन्न कानूनको संशोधनमा समस्या भएको ।<br>प्रदेश सरकारका सबै निकायमा विद्युतीय हाजिरी (e-attendance) र सरकारी एकीकृत वेवसाइट व्यवस्थापन सूचना प्रणाली (GIWMS) को पूर्ण कार्यान्वयन नभएको । | सङ्घीय सरकारबाट हुने परिपत्रबाट प्रदेशमा भएका कानून र बजेट कार्यान्वयनका सम्बन्धमा अन्यौलता सिर्जना हुनेगरी परिपत्र तथा पत्राचार नगर्न नगराउन सङ्घीय सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने ।<br>योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारी रूपमा लागू गर्नका लागि सामाजिक सुरक्षा कोषको कार्यालय कर्णाली प्रदेशमा स्थापना गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र युवा, श्रम तथा रोजगार मन्त्रालयमा अनुरोध गर्ने ।<br>मिति २०८० कात्तिक १७ गते जाजरकोटको रामीडाँडामा केन्द्रबिन्दु भइ गएको भूकम्प पश्चातको पुन: निर्माण तथा पुन:स्थापनाको कार्य यथाशि सम्पन्न गर्नका लागि संघीय सरकार गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने ।<br>स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोझै खटाउँदै आएकोमा सो व्यवस्था परिमार्जन गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकमुष्ट रूपमा सम्बन्धित प्रदेशमा खटाउने र प्रदेशको मुख्यमन्त्री |

| सि.न. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | | | तथा मन्त्रिपरिषद्को कार्यालयले रिक्त रहेको स्थानीय तहमा खटाउने व्यवस्था गर्न भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पुन: पत्राचार गर्ने । सार्वजनिक सेवा प्रसारण (नेपाल टेलिभिजन) को क्षेत्रीय प्रसारण सुर्खेतबाट नभएकोले उक्त टेलिभिजन प्रसारण कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतमा स्थापना गर्नको लागि नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयमा पुन: अनुरोध गर्ने । साविकको आन्तरिक मामिला तथा कानून मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएपछि विभिन्न कानूनहरूमा संशोधन गर्नुपर्नेमा ऐनहरू संशोधन भएको र संशोधन हुन बाँकी कानून संशोधन सम्बन्धी पूर्व तयारी कार्य विषयगत मन्त्रालयले यथाशीघ्र सम्पन्न गर्ने । प्रदेश सरकारका सबै निकायमा विद्युतीय हाजिरी (e-attendance) र सरकारी एकीकृत वेवसाइट व्यवस्थापन सूचना प्रणाली (GIWMS) यथाशीघ्र लागू गर्नका लागि विषयगत मन्त्रालय, सचिवालय, आयोग र कार्यालयलाई पत्राचार गर्ने । |
| ख | आर्थिक मामिला तथा योजना मन्त्रालय | आगामी आर्थिक वर्षको योजना र बजेट प्रस्ताव चरण र समय तालिका पालना गर्न कठिन भएको । | आगामी आर्थिक वर्षको योजना, कार्यक्रम र बजेट निर्माण प्रकृयाको समय तालिका र चरणसहित कार्य शुरु भईसकेको अवस्था छ । सबै निकायहरुले कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षिय योजनाको लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता पूरा गर्ने खालका, |

| सि.न. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | | | रुपान्तरणकारी, कार्यान्वयनयोग्य र तयारी पुगेका आयोजनाहरु तथा बजेट, कार्यक्रम प्रस्ताव तोकिएको चरण र समय सीमा भित्र सम्पन्न गर्ने । |
| ग | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | आयोजनाको निर्माण कार्यमा कठिनाई ।<br>मन्त्रालय तथा मातहतका निकायमा प्राविधिक जनशक्ति अपर्याप्त भएको । | निर्माण सामाग्रीको बजार मूल्यमा भएको अप्रत्यासित वृद्धिका कारण निर्माण कार्यलाई निरन्तरता दिन कठिन भएको छ । यसको उचित व्यवस्थापन हुनका लागि सम्बद्ध खरिद कानून संशोधनका लागि सङ्घीय सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई अनुरोध गर्ने ।<br>आयोजना बैंकमा आयोजनाहरुको विवरण तथा कागजात प्रविष्टि गर्दा लागत अनुमान पेश गर्नुपर्ने अनिवार्य व्यवस्था छ तर प्रस्तावित आयोजनाहरुको संख्या अत्याधिक रहेको र मौजुदा सिमित समय र जनशक्तिका साथै अन्य कारणहरुले गर्दा यस्ता आयोजनाहरुको लागत अनुमान तयार गर्न कठिनाई भएको छ । तसर्थ सो समाधानका लागि कार्यचाप र जिम्मेवारीलाई दृष्टिगत गरी उपयुक्त संख्यामा प्राविधिक जनशक्ति पदपूर्तिको व्यवस्था गर्ने । |
| घ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | सडक निर्माण कार्यमा बिस्फोटक पदार्थको उपयोग सम्बन्धी कानूनी जटिलता ।<br>पूर्वाधार संरचना निर्माणमा जग्गाको भोगाधिकार र रुख कटान सम्बन्धी कानूनी प्रावधानमा समस्या । | हुम्ला, कालिकोट लगायतका जिल्लाहरुको सडकको Alignment मा कडा चट्टान भई मेशीनले फोड्न नसकेको अवस्थामा ब्लाष्टिङ्ग गरी कार्य अगाडी बढाउनका लागि विस्फोटक पदार्थको प्राप्ती ढुवानी तथा भण्डारण कार्य अत्यधिक झन्झटिलो र लामो भएकाले उक्त कार्यको सरलीकृत गर्न विद्यमान |

| सि. न. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | | पूर्वाधार संरचना निर्माणमा जग्गा प्राप्ति र मुआब्जा वितरणमा समस्या।<br>यातायात व्यवस्था कार्यालयमा जनशक्तिको न्युन पदपूर्ति।<br>यातायात व्यवस्था कार्यालय सुर्खेतको ट्रायल सेन्टरका लागि जग्गा प्राप्तिको समस्या। | कानून संशोधन गर्न रक्षा मन्त्रालय र गृह मन्त्रालयलाई अनुरोध गर्ने।<br>सडक क्षेत्रमा पर्ने रुख हटाउन तथा जग्गाको भोगाधिकार प्राप्त गर्ने प्रक्रिया निकै लामो र झन्झटिलो भएकोले प्रक्रिया सरलीकृत गर्न सङ्घीय सरकारको वन ऐन र जग्गा प्राप्ति ऐन संशोधन गर्न कृषि वन तथा पर्यावरण मन्त्रालय र भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने।<br>रुकुम पश्चिम, जाजरकोट लगायतका जिल्लाका सडकहरु निर्माण गर्दा घर टहरा हटाईएको अवस्थामा क्षतिपूर्ति दिने कार्यमा कानूनी तथा प्रक्रियागत जटिलता भएकाले मौजुदा कानून तथा प्रक्रिया प्रदेशमैत्री हुनेगरी जग्गा प्राप्ति सम्बन्धी कानून संशोधन गर्न भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने।<br>हालको कार्य जिम्मेवारी र कार्यचाप अनुसार पूर्वाधार विकास कार्यालय तथा यातायात व्यवस्था/सेवा कार्यालयहरुको दरबन्दी उपयुक्त किसिमको नभएकोले संगठन सुहाउँदो संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी रिक्त दरबन्दीमा पदपूर्ति गर्ने।<br>यातायात व्यवस्था कार्यालय, सुर्खेतको ट्रायल सेन्टरका लागि तोकिएको जग्गामा अतिक्रमित घर टहरा हटाउनुपर्ने भएकोले सो कार्यमा सहजिकरण गर्न स्थानीय प्रशासनलाई लेखि पठाउने। |
| ङ | उद्योग, पर्यटन, वन तथा | कर्णालीमा हवाई उडान र भाडादरमा समस्या। | (क) विदेशी पर्यटकको हवाई भाडादर नेपाली नागरिक सरह नभई बढी हुनाले यस प्रदेशमा पर्यटकको आगमन कम |

| सि. न. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | वातावरण मन्त्रालय | कर्णाली प्रदेश सरकारबाट लगानी भएको कालीकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका, त्रिवेणी पाटनमा रहेको बडिमालिकाको पर्यटन पूर्वाधार आयोजनामा रहेको सीमाना विवाद सम्वन्धी समस्या ।<br>स्वदेशी काठको प्रयोग तथा राजश्व दरमा समस्या । | भएको । उडान अवधी समान रहेतापनि काठमान्डौ देखी नेपालगञ्जको तुलनामा काठमान्डौ देखी सुर्खेतको हवाई भाडादर बढी भएकोले भाडादरलाई समयानुकुल तथा जनमैत्री बनाउन पुनः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणलाई अनुरोध गर्ने ।<br>(ख) कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा रहेको एयरपोर्टबाट कर्णाली डोल्पा, हुम्ला, मुगु जिल्लामा रहेका एयरपोर्टमा नियमित हवाई उडानको व्यवस्था गर्न र भाडादरलाई समयानुकुल बनाउन पुनः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणलाई अनुरोध गर्ने ।<br>कर्णाली प्रदेश सरकारवाट लगानी भएको कालीकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका त्रिवेणी पाटनमा रहेको बडिमालिकाको पर्यटन पूर्वाधार आयोजनामा रहेको सुदुरपश्चिम तथा कर्णाली प्रदेश सीमा विवाद समाधानका लागि सहजीकरण गर्न सङ्घीय सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।<br>स्वदेशी काठको प्रयोगमा प्रदेश सरकारले प्राथमिकता दिई कार्यान्वयन गर्ने, काठको मुल्यमा समयानुकुल पुनरावलोकन आवश्यक देखीएकोले संघीय सरकारको वन नियमावलीमा रहेको राजश्व दर |

| सि. न. | मन्त्रालयको नाम | समस्याहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | | | पुनरावलोकनका लागि सङ्घीय सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालयलाई अनुरोध गर्ने । |
| च | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | क्वारेन्टाइन कार्यालय स्थापना सम्बन्धी समस्या<br>संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) सम्बन्धमा । | हुम्ला जिल्लाको हिल्सा नाकामा कृषि, पशुपंन्छी र खाद्य सम्बन्धी क्वारेन्टाइन कार्यालय स्थापना गर्न संघीय सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालयलाई अनुरोध गर्ने ।<br>यस मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा हाल निर्माण तथा स्थापना भै संचालनमा आएका संरचनाहरु (विषादी द्रुतविश्लेषण प्रयोगशाला-हर्रे सुर्खेत र कपुरकोट सल्यान,  तरल नाइट्रोजन प्लान्ट संचालन, रिफरल भेटनरी अस्पताल) र यस अघि नितिगत रुपमा निर्णय भएका मौरी विकास केन्द्र, जाजरकोट, सुन्तलाजात फलफूल विकास केन्द्र, सल्यान, बाख्रा विकास फर्म, दैलेख र चौरी विकास फर्म, डोल्पाको छुट्टै संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न समितिमा सिफारिस गर्ने । |

**निर्णय नं. ३**

प्रस्ताव नं २ मा कर्णाली छलफल गर्दा कर्णाली प्रदेशको अनुगमन तथा मुल्यांकन निर्देशिका २०७५ को दफा ४ को उपदफा (१) अनुसारको प्रदेश विकास समस्या समाधान उपसमितिको २०८३ ।०१ ।२९ को बैठकको निर्णयानुसार यस समितिमा पेस भएका विषयगत मन्त्रालयहरुको मन्त्रालयगत विकाससँग सम्बन्धित समस्याहरु मध्ये देहायबमोजिमका समस्याहरु समाधानका लागि आगामी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेस गर्ने निर्णय गरियो ।

क. सङ्घ सरकारबाट हुने परिपत्रबाट प्रदेशमा भएका कानून र बजेट कार्यान्वयनका सम्बन्धमा अन्यौलता सिर्जना हुनेगरी परिपत्र तथा पत्राचार नगर्न नगराउन सङ्घीय सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने ।

ख. योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारी रूपमा लागू गर्नका लागि सामाजिक सुरक्षा कोषको कार्यालय कर्णाली प्रदेशमा स्थापना गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र युवा, श्रम तथा रोजगार मन्त्रालयलाई अनुरोध गर्ने ।

ग. मिति २०८० कात्तिक १७ गते जाजरकोटको रामीडाँडामा केन्द्रबिन्दु भइ गएको भूकम्प पश्चातको पुन: निर्माण तथा पुन:स्थापनाको कार्य यथाशीघ्र सम्पन्न गर्नका लागि नेपाल सरकार गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने ।

घ. स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोझै खटाउँदै आएकोमा सो व्यवस्था परिमार्जन गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकमुष्ट रूपमा सम्बन्धित प्रदेशमा खटाउने र प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रिक्त रहेको स्थानीय तहमा खटाउने व्यवस्था गर्न भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पुन: पत्राचार गर्ने ।

ङ. सार्वजनिक सेवा प्रसारण (नेपाल टेलिभिजन) को प्रसारण सुर्खेतबाट नभएकोले उक्त टेलिभिजन प्रसारण कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतमा स्थापना गर्नको लागि नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयमा पुन: अनुरोध गर्ने ।

च. निर्माण सामाग्रीको बजार मूल्यमा भएका अप्रत्यासित वृद्धिका कारण निर्माण कार्यलाई निरन्तरता दिन कठिन भएको छ ।यसको उचित व्यवस्थापन हुनका लागि सम्बद्ध खरिद कानून संशोधनका लागि सङ्घीय सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई अनुरोध गर्ने ।

छ. हुम्ला, कालिकोट लगायतका जिल्लाहरुको सडकको एलाईनमेन्टमा कडा चट्टान भई मेशीनले फोड्न नसकेको अवस्थामा ब्लाष्टिङ्ग गरी कार्य अगाडी बढाउनका लागि विस्फोटक पदार्थको प्राप्ती ढुवानी तथा भण्डारण कार्य अत्यधिक झन्झटिलो र लामो भएकाले उक्त कार्यको सरलीकृत गर्न विद्यमान कानून संशोधन गर्न रक्षा मन्त्रालय र गृह मन्त्रालयलाई अनुरोध गर्ने ।

ज. सडक क्षेत्रमा पर्ने रुख हटाउन तथा जग्गाको भोगाधिकार प्राप्त गर्ने प्रक्रिया निकै लामो र झन्झटिलो भएकोले प्रक्रिया सरलीकृत गर्न सङ्घीय सरकारको वन ऐन र जग्गा प्राप्ति ऐन संशोधन गर्न कृषि, वन तथा पर्यावरण मन्त्रालय र भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

झ. रुकुम पश्चिम, जाजरकोट लगायतका जिल्लाका सडकहरु निर्माण गर्दा घर टहरा हटाईएको अवस्थामा क्षतिपूर्ति दिने कार्यमा कानूनी तथा प्रक्रियागत जटिलता भएकाले मौजुदा कानून तथा प्रक्रिया प्रदेशमैत्री हुनेगरी जग्गा प्राप्ति सम्बन्धी कानून संशोधन गर्न भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

ञ. विदेशी पर्यटकको हवाई भाडादर नेपाली नागरिक सरह नभई बढी हुनाले यस प्रदेशमा पर्यटकको आगमन कम भएको । उडान अवधी समान रहेतापनि काठमान्डौ देखी नेपालगञ्जको तुलनामा काठमान्डौ देखी सुर्खेतको हवाई भाडादर बढी भएकोले भाडादरलाई समयानुकुल तथा जनमैत्री

बनाउन पुनः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणलाई अनुरोध गर्ने ।

ट. कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा रहेको एयरपोर्टबाट कर्णाली डोल्पा, हुम्ला, मुगु जिल्लामा रहेका एयरपोर्टमा नियमित हवाई उडानको व्यवस्था गर्न र भाडादरलाई समयानुकुल बनाउन पुनः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणलाई अनुरोध गर्ने ।

ठ. कर्णाली प्रदेश सरकारवाट लगानी भएको कालीकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका त्रिवेणी पाटनमा रहेको बडिमालिकाको पर्यटन पूर्वाधार आयोजनामा रहेको सुदुरपश्चिम तथा कर्णाली प्रदेश सीमा विवाद समाधानका लागि सहजीकरण गर्न सङ्घीय सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

ड. स्वदेशी काठको प्रयोगमा प्रदेश सरकारले प्राथमिकता दिई कार्यान्वयन गर्ने, काठको मुल्यमा समयानुकुल पुनरावलोकन आवश्यक देखीएकोले संघीय सरकारको वन नियमावलीमा रहेको राजश्व दर पुनरावलोकनका लागि सङ्घीय सरकारको कृषि, वन तथा पर्यावरण मन्त्रालयलाई अनुरोध गर्ने ।

ढ. हुम्ला जिल्लाको हिल्सा नाकामा कृषि, पशुपंन्छी र खाद्य सम्बन्धी क्वारेन्टाइन कार्यालय स्थापना गर्न संघीय सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालयलाई अनुरोध गर्ने ।

## ७.४ कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को दफा ४ को उपदफा (१) बमोजिमको विकास समस्या समाधान उप-समितिको वैठक

| बैठक संख्या | बैठक बसेको मितिहरू |
|---|---|
| ३ | २०८२।०५।०१ गते, २०८२।०९।१४ गते र २०८३।०१।२९ गते |

## ७.५ कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ को दफा ४ को उपदफा (१) बमोजिमको निर्देशक समितिको बैठकः

| बैठक संख्या | बैठक बसेको मितिहरू |
|---|---|
| ११ | २०८२।०६।२४ गते, २०८२।०६।२७ गते, २०८२।०६।२८ गते, २०८२।०७।१७ गते, २०८२।०८।२० गते, २०८२।०९।२५ गते र २०८२।११।०४ गते |

बैठकका छलफलका विषय र महत्वपुर्ण निर्णयहरूः

विषयगत मन्त्रालयबाट कर्णाली प्रदेश योजना आयोगको निर्देशक समितिमा प्राप्त भएका आयोजनाः

| क्र.सं. | विषयगत मन्त्रालय | योजना संख्या |
|---|---|---|
| १ | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | २५ |
| २ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २ |
| ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३ |

| क्र.सं. | विषयगत मन्त्रालय | योजना संख्या |
|---|---|---|
| ४ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | १२८ |
| ५ | सामाजिक विकास मन्त्रालय | ६ |
| | **जम्मा** | **१६४** |

कर्णाली प्रदेश योजना आयोगको निर्देशक समितिबाट मन्त्रालयमा सिफारिस भएका आयोजनाः

| क्र.सं. | विषयगत मन्त्रालय | योजना संख्या |
|---|---|---|
| १ | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | २४ |
| २ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ |
| ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३ |
| ४ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | १२३ |
| ५ | सामाजिक विकास मन्त्रालय | ३ |
| | **जम्मा** | **१५४** |

कर्णाली प्रदेश योजना आयोगको निर्देशक समितिबाट फिर्ता भएका आयोजनाः

| क्र.सं. | विषयगत मन्त्रालय | योजना संख्या |
|---|---|---|
| १ | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | १ |
| २ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ |
| ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ० |
| ४ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ५ |
| ५ | सामाजिक विकास मन्त्रालय | ३ |
| | **जम्मा** | **१०** |

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सहमति प्रदान भएका आयोजनाः

| क्र.सं. | विषयगत मन्त्रालय | योजना संख्या |
|---|---|---|
| १ | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | १८ |
| २ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ |
| ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३ |
| ४ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ९३ |
| | **जम्मा** | **११५** |

कर्णाली प्रदेश योजना आयोगबाट बहुवर्षीय ठेक्का सहमति प्रदान भएको आयोजनाः

| क्र.सं. | विषयगत मन्त्रालय | योजना संख्या |
|---|---|---|
| १ | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | १८ |
| २ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ |

| क्र.सं. | विषयगत मन्त्रालय | योजना संख्या |
|---|---|---|
| ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३ |
| ४ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ९३ |
| | **जम्मा** | **११५** |

**७.६ कर्णाली प्रदेश आयोजना बैङ्क (व्यवस्थापन तथा कार्यसञ्चालन) सम्बन्धी मापदण्ड २०८२ को दफा ११ को उपदफा (१) बमोजिमको निर्देशक समितिको बैठक**

| बैठक संख्या | बैठक बसेको मितिहरू |
|---|---|
| ९ | मिति २०८२।०९।०६ गते, मिति २०८२।१०।०७ गते, २०८२।१०।०८ गते, २०८२।१०।०९ गते, २०८२।१०।१३ गते, २०८२।१२।२७ गते, २०८३।०१।३१ गते, २०८३।०२।०३ गते, २०८३।०२।०५ गते, |

**७.७ कर्णाली प्रदेश आयोजना बैङ्क (व्यवस्थापन तथा कार्यसञ्चालन) सम्बन्धी मापदण्ड २०८२ को दफा १० बमोजिमको उप-समितिको बैठक**

| जम्मा बैठक संख्या | बैठक बसेको मितिहरू |
|---|---|
| ६ | मिति २०८३।०२।०१ गते, २०८३।०२।०२ गते, २०८३।०२।०३ गते |

**७.८ आयोजनाको प्रस्ताव तथा छनोट प्रकृया सम्बन्धी कार्यविधि २०८१ (संशोधन सहित) दफा ९ को उपदफा (१) बमोजिमको समितिको बैठक**

| बैठक संख्या | बैठक बसेको मितिहरू |
|---|---|
| १ | मिति २०८२।११।०८ गते |

**७.९ कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन २०७५ को भाग ४ को उपभाग ४.४.२. को खण्ड (क) बमोजिमको निर्देशक समितिको बैठक**

| बैठक संख्या | बैठक बसेको मितिहरू |
|---|---|
| ३ | मिति २०८२।१२।०१ गते, २०८३।०२।२० गते, २०८३।०३।३१ गते |

**७.१० कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन २०७५ को भाग ३ को उपभाग ३.१ को क्र.सं.१ बमोजिम आवधिक योजनाको कार्यान्वयन कार्ययोजना तर्जुमा सम्बन्धी तयारी बैठक**

| बैठक संख्या | बैठक बसेको मितिहरू |
|---|---|
| १ | मिति २०८३।०३।२४ गते |

## ७.११ कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन २०७५ को भाग ३ को उपभाग ३.२. को खण्ड (ख) बमोजिमको विषय क्षेत्रगत समितिको बैठक

| बैठक संख्या | बैठक बसेको मितिहरू |
|---|---|
| ४ | मिति २०८३।०३।२३ गते र मिति २०८३।०३।२४ गते |

## ७.१२ कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन २०७५ को भाग ४ को उपभाग ४.४.२. को खण्ड (ग) बमोजिमको प्राविधिक समितिको बैठक संख्या

| बैठक संख्या | बैठक बसेको मितिहरू |
|---|---|
| १ | मिति २०८२।१२।०२ गते |

## ७.१३ प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक

**(जम्मा बैठक संख्या : २)**

**मिति २०८२।०७।१६ गते बसेको बैठकका निर्णयहरू:**

**निर्णय नं.१.** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ८८ मिति २०८२।०५।१२ को पत्रानुसार बहुक्षेत्रीय पोषण कार्यक्रम-तेस्रो (MSNP-Third) कर्णाली प्रदेशस्तरीय स्थानीय तहको आ व २०८१।०८२ को वार्षिक समिक्षा कार्यक्रम तपसिल अनुसार गर्ने निर्णय गरियो।

**तपसिल:**

१. डोल्पा, सल्यान, जाजरकोट र रुकुम पश्चिम जिल्ला : रुकुम पश्चिमको चौरजहारी न.पा.मा कार्तिकको २० र २१ गते
२. सुर्खेत, दैलेख, कालिकोट र जिल्ला : सुर्खेतको वीरेन्द्रनगर न.पा.मा कार्तिकको २४ र २५ गते
३. जुम्ला, हुम्ला र मुगु जिल्ला : मुगुको छायानाथ रारा न.पा.मा २७ र २८ गते

**निर्णय नं.२.** सशर्त अनुदानतर्फ प्रदेश योजना आयोगलाई बहुक्षेत्रीय पोषण कार्यक्रम तेस्रोका लागि प्राप्त बजेटलाई देहायबमोजिम प्रभावकारी रुपमा सञ्चालन गर्ने निर्णय गरियो।

| क्र.सं. | कार्यक्रम | दातृ संस्था | बजेट |
|---|---|---|---|
| १ | करार सेवा शुल्क | युरोपियन युनियन | ५,३४,०००/- |
| २ | प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक, बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन, पोषण सुचना तथा सचिवालय व्यवस्थापन | युरोपियन युनियन | ६,००,०००/- |
| ३ | बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रदेशस्तरीय समिक्षा | युरोपियन युनियन | २०,००,०००/- |

**मिति २०८२।०९।२९ गते बसेको बैठकका निर्णयहरू:**

निर्णय नं १. चालु आ.व. २०८२।०८३ को बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयन अवस्थाको समीक्षा तथा अनुगमन सम्बन्धमा देहायका निर्णय गरियोः

क) यस प्रदेशमा रहेको प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०८२।०७।१६ गतेको बैठकको निर्णयहरुको कार्यान्वयन अवस्थावारे समीक्षा गरियो।

ख) यस प्रदेश अन्तरगतका स्थानीयतहहरुको आर्थिक वर्ष २०८१।०८२ को बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रदेशस्तरीय (स्थानीय तहहरु) वार्षिक समीक्षा तोकिएको समय र स्थानमा सम्पन्न गरी प्रदेश योजना आयोगको बहुक्षेत्रीय पोषण कार्यक्रमको हाल सम्मको अर्धवार्षिक प्रगति विवरण प्रशासकीय प्रमुखवाट बैठकमा प्रस्तुत गरियो।

ग) चालु आ.व. २०८२।०८३ को बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयन अवस्था बारे पोषणमैत्री स्थानीय तह घोषणाका लागि तयारीमा रहेका र पूर्व तयारी अवस्था कमजोर रहेका स्थानीय तहलाई प्राथमिकीकरण गरी प्रदेश योजना आयोगको नेतृत्वमा निर्देशक समितिका सदस्य, सम्बन्धित विषयगत मन्त्रालयका प्रतिनिधि र आयोगका कर्मचारीले सम्बन्धित स्थानीय तह र सो तहमा कार्य गरिरहेका सरोकारवाला, सरकारी र गैर सरकारी निकायसंग समन्वय गरी माघ दोश्रो साता देखि पहिलो चरणमा सल्यान र जाजरकोट जिल्लाका स्थानीय तहहरु र क्रमशः अन्य जिल्लाका स्थानीय तहहरुमा स्थलगत अनुगमन गर्ने निर्णय गरियो।

## ८. कार्य सम्पादनबाट भएका उपलब्धी

### (क) वजेट विनियोजन र खर्च प्रतिशत

| बजेट उप-शीर्षक | विनियोजन रू. हजारमा | | जम्मा रू. हजारमा | खर्च रू. हजारमा | | जम्मा रू. हजारमा | खर्च प्रतिशत | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजिगत | | चालु | पूँजिगत | | चालु | पूँजिगत | |
| ३९१०००११३/ ११४ | ३७१३३ | ६६५० | ४३७८३ | २८७७२.३५३ | १८१५.७४ | ३०५८८ | ७७.४८ | २७.३ | ६९.८६ |
| ३६५००१०६३ | ३१३४ | - | ३१३४ | २३५३ | - | २३५३ | ७५.०८ | - | ७५.०८ |
| **जम्मा** | **४०२६७** | **६६५०** | **४६९१७** | **३११२५** | **१८१६** | **३२९४१** | **७७.३** | **२७.३** | **७०.२१** |

### (ख) कार्यक्रमगत खर्च तथा प्रगति

| क्र. सं. | कार्यक्रम / आयोजनाको विवरण | कुल विनियोजन | खर्च | बाँकी रकम | वित्तीय प्रगति |
|---|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश तथ्याङ्क पोर्टल निर्माण | २,०००,०००.०० | ०.०० | २,०००,०००.०० | ०.०० |
| २ | कर्णाली प्रदेश लगानी पोर्टल निर्माण | २,०००,०००.०० | ०.०० | २,०००,०००.०० | ०.०० |

| क्र. सं. | कार्यक्रम / आयोजनाको विवरण | कुल विनियोजन | खर्च | बाँकी रकम | वित्तीय प्रगति |
|---|---|---|---|---|---|
| ३ | लगानीयोग्य परियोजना विकासका लागि विज्ञ परामर्श सेवा | ३७५,०००.०० | ०.०० | ३७५,०००.०० | ०.०० |
| ४ | प्रणाली सञ्चालन सम्बन्धी सूचना प्रविधि विज्ञ परामर्श सेवा | ५००,०००.०० | ०.०० | ५००,०००.०० | ०.०० |
| ५ | कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण | १,३००,०००.०० | ४४४,०००.०० | ८५६,०००.०० | ३४.१५ |
| ६ | MTEF MIS र KPPBMIS नवीकरण खर्च | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० |
| ७ | MTEF MIS लाई अद्यावधिक | २००,०००.०० | १९६,४५०.०० | ३,५५०.०० | ९८.२३ |
| ८ | कर्मचारीका लागि सूचना प्रणाली तथा उपकरण सञ्चालन सम्बन्धी क्षमता विकास तालिम | ४२,०००.०० | ०.०० | ४२,०००.०० | ०.०० |
| ९ | SDG acceleration visioning workshop संचालन गर्ने | २००,०००.०० | १८०,०००.०० | २०,०००.०० | ९०.०० |
| १० | अन्तरप्रदेश सिकाई आदान प्रदान तथा अवलोकन भ्रमण | ३००,०००.०० | १७७,३३०.०० | १२२,६७०.०० | ५९.११ |
| ११ | विकासका लागि विधायक कार्यक्रम अन्तर्गत प्रदेश सभा सदस्यका लागि योजना तथा बजेट सम्बन्धी अन्तरक्रिया गोष्ठी | ३००,०००.०० | २८९,७८९.०० | १०,२११.०० | ९६.६० |
| १२ | आयोजना वा कार्यक्रमको उपलब्धी सम्बन्धी वार्षिक समिक्षा कार्यक्रम | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० |
| १३ | कर्णाली प्रदेश प्रोफाइल निर्माण | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० |

| क्र. सं. | कार्यक्रम / आयोजनाको विवरण | कुल विनियोजन | खर्च | बाँकी रकम | वित्तीय प्रगति |
|---|---|---|---|---|---|
| १४ | MTEF निर्माण तथा व्यवस्थापन र छपाई | ५००,०००.०० | ४९९,०२८.०० | ९७२.०० | ९९.८१ |
| १५ | रेडियो नेपाल सुर्खेत संग योजना, कार्यक्रम, नीति संवाद र अन्तर्वार्ता कार्यक्रम | ७००,०००.०० | ६५९,९२०.०० | ४०,०८०.०० | ९४.२७ |
| १६ | प्रादेशिक नीति, ऐन, कानून निर्माण सम्बन्धी कार्यक्रम | ५००,०००.०० | १५२,६८८.०० | ३४७,३१२.०० | ३०.५४ |
| १७ | तथ्याङ्क सम्बन्धी काम गर्ने जनशक्तिलाई तथ्यांकीय साक्षरता सम्बन्धी क्षमता विकास | ३००,०००.०० | २८४,३००.०० | १५,७००.०० | ९४.७७ |
| १८ | आवधिक योजना, आयोजना बैंक र मध्यमकालीन खर्च संरचना प्रणालीबीच अन्तरआवद्धता सम्बन्धी कार्यशाला गोष्ठी | ३००,०००.०० | २०४,८९६.०० | ९५,१०४.०० | ६८.३० |
| १९ | प्रदेश विकास परिषद बैठक | १,०००,०००.०० | ८१०,५७५.०० | १८९,४२५.०० | ८१.०६ |
| २० | मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF MIS) सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ३००,०००.०० | १९२,५९०.०० | १०७,४१०.०० | ६४.२० |
| २१ | आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि २०८१ सम्बन्धी प्रदेश तथा स्थानीय तहमा अभिमुखीकरण कार्यक्रम | ५००,०००.०० | ४५१,१४१.०० | ४८,८५९.०० | ९०.२३ |
| २२ | कर्णाली प्रदेश आयोजना बैड्क व्यवस्थापन सूचना प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १,०००,०००.०० | ८५३,२००.०० | १४६,८००.०० | ८५.३२ |

| क्र. सं. | कार्यक्रम / आयोजनाको विवरण | कुल विनियोजन | खर्च | बाँकी रकम | वित्तीय प्रगति |
|---|---|---|---|---|---|
| २३ | दोश्रो पञ्चवर्षीय योजनाको कार्यान्वयन अभिमुखीकरण तथा कार्ययोजना निर्माण | ५००,०००.०० | ४६३,८७०.०० | ३६,१३०.०० | ९२.७७ |
| २४ | बहुक्षेत्रीय पोषण सम्बन्धी स्थानीय तह संग पैरवी/अन्तरक्रिया कार्यक्रम | ८५९,०००.०० | ३१७,३०५.०० | ५४१,६९५.०० | ३६.९४ |

**(ग) थप उपलब्धी**

माथि (क) र (ख) मा उल्लेख गरिएका अतिरिक्त आयोगबाट सञ्चालन गरिएका क्रियाकलापहरू निम्नानुसार छन्:

- मिति २०८२ श्रावण ५ गते आ व २०८१ र आयोजना बैङ्क सञ्चालन सम्बन्धी मापदण्ड २०८१ संशोधन सम्बन्धी मस्यौदा तयारीका लागि विषयगत मन्त्रालयका सचिव तथा योजना छनोट प्रकृया सम्बन्धी कार्यविधि महाशाखा प्रमुखसँग छलफल सम्पन्न ।
- मिति २०८२ श्रावण १५ गते प्रदेश योजना आयोगको आव ०८१/८२ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न ।
- मिति २०८२ श्रावण २० गते आयोजना छनोट प्रकृया सम्बन्धी कार्यविधि २०८१ र आयोजना बैङ्क सञ्चालन सम्बन्धी मापदण्ड २०८१ संशोधन सम्बन्धी मस्यौदा उपर प्रदेश सभा सदस्यहरुसँग छलफल कार्यक्रम सम्पन्न ।
- मिति २०८२ भाद्र १ गतेदेखि कर्णाली प्रदेश योजना आयोग कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको साविकको भवनमा सरी कार्यसञ्चालन सुरु गरिएको ।
- मिति २०८२ भाद्र १ गते प्रदेश विकास समस्या समाधान उपसमितिको बैठक सम्पन्न ।
- मिति २०८२ भाद्र २ गते प्रदेश विकास समस्या समाधान समितिको बैठक सम्पन्न ।
- मिति २०८२ भाद्र १८ गते आयोजना छनोट प्रकृया सम्बन्धी कार्यविधि २०८१ को संशोधन सम्बन्धी मस्यौदा प्रदेश योजना आयोगबाट स्वीकृत ।
- मिति २०८२ श्रावण ५ गते आ व २०८१ र आयोजना बैङ्क सञ्चालन सम्बन्धी मापदण्ड २०८१ संशोधन सम्बन्धी मस्यौदा तयारीका लागि विषयगत मन्त्रालयका सचिव तथा योजना छनोट प्रकृया सम्बन्धी कार्यविधि महाशाखा प्रमुखसँग छलफल सम्पन्न ।
- मिति २०८२ श्रावण १५ गते प्रदेश योजना आयोगको आव ०८१/८२ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न ।

- मिति २०८२ श्रावण २० गते आयोजना छनोट प्रकृया सम्बन्धी कार्यविधि २०८१ र आयोजना बैङ्क सञ्चालन सम्बन्धी मापदण्ड २०८१ संशोधन सम्बन्धी मस्यौदा उपर प्रदेश सभा सदस्यहरुसँग छलफल कार्यक्रम सम्पन्न ।
- मिति २०८२ भाद्र १ गतेदेखि कर्णाली प्रदेश योजना आयोग कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको साविकको भवनमा सरी कार्यसञ्चालन सुरु गरिएको ।
- मिति २०८२ भाद्र १ गते प्रदेश विकास समस्या समाधान उपसमितिको बैठक सम्पन्न ।
- मिति २०८२ भाद्र २ गते प्रदेश विकास समस्या समाधान समितिको बैठक सम्पन्न ।
- मिति २०८२ भाद्र १८ गते आयोजना छनोट प्रकृया सम्बन्धी कार्यविधि २०८१ को संशोधन सम्बन्धी मस्यौदा प्रदेश योजना आयोगबाट स्वीकृत ।
- आयोजनाको प्रस्ताव तथा छनोट र आयोजना बैङ्क सम्बन्धी कानून कार्यान्वयन सम्बन्धी जिल्लास्तरीय अभिमुखिकरण कार्यक्रमः
  सल्यानको खलंगाः मिति २०८२।०८।१२ गते
  दैलेख जि स सः मिति २०८२।०८।१९ गते
  सुर्खेतः जि स सः मिति २०८२।०८।२१ गते
  मुगुः मिति २०८२।०८।१४ गते
  जुम्लाः मिति २०८२।०८।११ गते
  कालिकोटः मिति २०८२।०८।१० गते
  डोल्पाः मिति २०८२।०८।११ गते
  जाजरकोटः मिति २०८२।०८।१४ गते
- प्रदेशस्तरीय पोषण कार्यक्रम तेस्रो (आ व २०८१/८२) प्रदेश स्तरीय समिक्षा कार्यक्रमः

| मिति | सहभागी जिल्लाहरू | कार्यक्रमस्थल |
|---|---|---|
| २०८२ कार्तिक २० र २१ गते | रुकुम पश्चिम, सल्यान र जाजरकोट | रुकुम पश्चिम |
| २०८२ कार्तिक २४ र २५ गते | सुर्खेत, दैलेख, कालिकोट र डोल्पा | सुर्खेत |
| २०८२ कार्तिक २७ र २८ गते | जुम्ला, हुम्ला र मुगु | मुगु |

- २०८२ पौष २४ गते SDG Acceleration Visioning Workshop सञ्चालनका लागि सरोकारवालासँग पूर्व तयारी सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम
- २०८२ पौष २८ र २९ गते कर्णाली प्रदेशमा पोषण सुशासन सुदृढीकरणका लागि पैरवी नागरिक समाज संगठनहरूका लागि पोषण सम्बन्धी नीति कानून र अधिकार सम्बन्धी अभिमुखिकरण तथा बहुक्षेत्रीय पोषण योजना तेस्रोको कार्यान्वयनका लागि नीति संवाद कार्यक्रम
- २०८२ माघ १४ र १५ गते कर्णाली प्रदेशका सरोकारवालाहरूसँग दिगो विकास सम्बन्धी २ दिने SDG Acceleration Visioning Workshop
- २०८२ माघ १९ देखि २१ गतेसम्म तथ्याङ्कीय साक्षरता सम्बन्धी क्षमता विकास कार्यक्रम

- २०८२ फागुन ०८ गते KPPBMIS का फोकल पर्सन र महाशाखा/शाखा प्रमुखका लागि कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको अद्यावधिक संस्करणको अभिमुखिकरण कार्यक्रम
- कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा सम्बन्धी जिल्लास्थित प्रदेश कार्यालयहरूलाई प्रशिक्षण कार्यक्रम
- मिति २०८२ चैत्र ३ र ४ गते कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको संशोधित संस्करणको प्रदेश मन्त्रालय/केन्द्रीय स्तरका निकायमा कार्यरत KPPBMIS फोकल पर्सन र महाशाखा/शाखा प्रमुखलाई प्रशिक्षक प्रशिक्षण कार्यक्रम

➢ कर्णाली प्रदेश आयोजना व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) मा आयोजना कार्यान्यवनका लागि प्रणाली सञ्चालन र व्यवस्थापनका मार्फतः

  - २०८३ वैशाख १ देखि १५ असम्म जिल्ला/निर्देशनालयस्तरका कार्यालयहरुबाट कर्णाली प्रदेश आयोजना व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) मा आयोजना प्रविष्टि कार्य,
  - २०८३ वैशाख १६ देखि २२ सम्म विषयगत मन्त्रालयहरूबाट रुजु एवं विवरण सच्चाउने कार्य,
  - २०८३ वैशाख २३ देखि वैशाख मसान्तसम्म विषयगत मन्त्रालयका सचिव वा केन्द्रीय निकायका प्रशासकीय प्रमुखले एप्रुभ गर्ने कार्य ।

➢ बहुक्षेत्रीय पोषण कार्यक्रम-तेस्रोको अभिमुखिकरण कार्यक्रमः मिति २०८३।०३।०४ गते, स्थानः खाडाचक्र, कालिकोट

➢ बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन अन्तर्गत मिति २०८३।०३।१४ गते जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका वडा नं ५, मिति २०८३।०३।२१ गते दैलेख जिल्लाको महाबुँ गाउँपालिका वडा नं २ र मिति २०८३।०३।२४ गते सोही स्थानीय तहको वडा नं ४ घोषणा भएका छन् ।

➢ कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन कार्ययोजना निर्माण सम्बन्धी सुझाव संकलन र अन्तर्क्रिया कार्यक्रमः

  - मिति २०८३।०३।११ गते, स्थानः खलङ्गा, सल्यान
  - मिति २०८३।०३।१८ गते, स्थानः खलङ्गा, जाजरकोट

➢ आवधिक योजना, आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचनाबीच अन्तरआवद्धता सम्बन्धी कार्यशाला गोष्ठीः मिति २०८३।०३।१६ र १७ गते, स्थानः वीरेन्द्रनगर, सुर्खेत

➢ "*मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/०८३ - २०८५/०८६)*" पुस्तक प्रकाशन

➢ "*कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा समावेश भएका आयोजनाहरुको सङ्ग्रह (आर्थिक वर्ष २०८२।८३) पुस्तक*" प्रकाशन

➢ "*कर्णाली प्रदेशको बहुवर्षीय आयोजनाहरूको विवरण पुस्तिका (आर्थिक वर्ष २०८२/०८३)*" पुस्तक प्रकाशन्

➢ कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन कार्ययोजना निर्माण र २०८३।०३।३२ मा आयोगबाट स्वीकृत र वेब साइटमा प्रकाशन गरिएको

## ९. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या/चुनौतीहरू :

- योजना तर्जुमा सम्बन्धी निर्देशिका र मापदण्डमा भएका कुनै व्यवस्थाहरू बाझिएका,
- माग, आवश्यकता, औचित्यता, संभाव्यता भन्दा पहुँच, दवाव, प्रभाव, लोकप्रियताको चाहनाका आधारमा कार्यक्रम वा आयोजना पहिचान हुने गरेका,
- प्रदेश र स्थानीय तहको योजना तर्जुमा प्रकृयावीच सहसम्बन्ध र एकीकरण नभएको,
- संभाव्यता तथा औचित्यता अध्ययन नभइकन नै आयोजना पहिचान गरिनु,
- अध्ययनबाट आवश्यक, संभाव्य र औचित्यपूर्ण देखिएका आयोजनालाई प्राथमिकता नदिइनु,
- सञ्चालित आयोजनाहरू प्रदेशको दोस्रो पञ्चवर्षिय योजनाका प्राथिमकतामा आधारित नहुनु,
- बजेट कार्यान्यिवन नहुँदै ठूलो संख्या र मात्रामा आयोजना संशोधन र रकमान्तर गरिनु,
- कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने प्राविधिक जनशक्तिको कमी हुनु,
- भौगोलिक कठिनाइ तथा दुर्गम जिल्लामा कार्यक्रम सञ्चालन गर्दा मानव संसाधन, समय र लागत व्यवस्थापनमा चुनौती,
- नयाँ कार्यविधि र प्रणाली (KPPBMIS, MTEF-MIS) को कार्यान्वयनमा मन्त्रालय/निकायका कर्मचारीहरूको प्राविधिक दक्षता अभाव र प्रारम्भिक स्तरमा अनुकूलनमा समस्या देखिएको,
- पोषण अभिमुखीकरण कार्यक्रममा वडास्तरमा स्रोत साधन र बजेट सीमितताका कारण व्यापक पहुँच बनाउन कठिनाइ भएको छ,
- आयोजना प्रस्ताव, छनोट र अनुगमन प्रक्रियामा स्थानीय तहसँगको समन्वय अझै सुदृढ गर्नुपर्ने आवश्यकता देखिएको ।

## १०. आयोगको सिकाईहरू

- योजनावद्ध विकास प्रयासले मात्र "सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली" दीर्घकालीन सोचलाई साकार गर्न सक्छ,
- स्रोत साधनको उपयुक्त व्यवस्थापन तथा परिचालन गर्न सकिएन भने योजना अनुसारको प्रगति हाँसिल गर्न सकिंदैन,
- आयोगलाई बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि पर्याप्त बजेट व्यवस्था भएमा, सो कार्यक्रमको सफल कार्यान्वयनमा सहयोग पुग्ने मात्र नभई यसमा प्रदेशको सक्रिय योगदान समेत देखिनेछ,
- तहगत र समानान्तर संस्थागत समन्वय विना छोटो समयावधीमा विकासका लक्षहरू हाँसिल गर्न सकिंदैन,
- विकासको केन्द्र विन्दुमा जनतालाई राखी, जनताको आवश्यकता सम्वोधन गर्ने गरी विकास गरिएमा विकास कार्यक्रम/आयोजनाप्रति जनताको अपनत्व, ममत्व र स्वामित्व हुन्छ,
- आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि र आयोजना बैक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्डको पूर्ण रूपमा कार्यान्वयन भएमा मात्र आयोजना छनोट प्रक्रिया पारदर्शी, वस्तुनिष्ठ र परिणाममुखी बन्नेछ,

- आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया र आयोजना बैंक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्डसम्बन्धी विषयमा जिल्लास्तरमा वृहत रूपमा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ, जसका माध्यमबाट स्थानीय तह, जिल्ला तहका सरोकारवाला निकाय तथा सम्बन्धित व्यक्तिहरू यसका प्रावधान, प्रक्रिया र कार्यान्वयन विधिबारे स्पष्ट भई प्रभावकारी रूपमा कार्यान्वयनमा संलग्न हुन सक्नेछन्,
- विकास प्रयासलाई सँधै योजनाको मार्गमा लैजान नतिजामूलक तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको आवश्यकता हुन्छ ।

## ११. आगामी आर्थिक वर्षमा सुधारका कदमहरू

- स्थानीय तहको योजना तर्जुमा प्रकृयालाई प्रदेशको योजना तर्जुमा प्रकृयासँग जोड्न आवश्यक छ,
- पहुँच, दवाव, प्रभाव, लोकप्रियताको चाहनाका आधारमा नभइकन माग, आवश्यकता, औचित्यता र संभाव्यताका आधारमा विकास कार्यक्रम तथा आयोजना पहिचान एवं छनोट गरिनु पर्छ,
- आयोजना छनौट गर्दा सम्पन्न हुन बाँकी क्रमागत आयोजनाहरूलाई उच्च प्राथमिकता दिनुपर्छ,
- सडक पहुँच नपुगेका पालिका केन्द्रसम्म पहुँच पुऱ्याउने सडक आयोजनालाई प्राथमिकता दिनु पर्दछ,
- कृषि सिँचाइका लागि लिफ्ट, टार सिँचाई तथा एक वडा-एक पोखरी जस्ता कार्यक्रम लागू गर्नु पर्दछ,
- नमूना विद्यालयको शिक्षण सिकाई एवम् भौतिक पूर्वाधार निर्माणमा जोड दिनु पर्दछ,
- विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्वन गर्नु पर्दछ । अनुगमन तथा मूल्याङ्कनमा हुने दोहोरोपना हटाउन एकीकृत अनुगमन तथा मूल्याङ्कनमा जोड दिनुपर्दछ,
- विकास कार्यक्रम तथा आयोजना सञ्चालनमा देखिएका समस्या समाधानका लागि प्रदेश विकास समस्या समाधान समितिले निर्देश गरेका समाधानका उपायहरूको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ,
- साना परियोजनाहरूमा अपर्याप्त बजेट राखी कार्यान्वयन गर्नु भन्दा स्थानीय तहसँग छलफल र सहकार्यमा परियोजना प्राथमिकीकरण गरी संयुक्त रुपमा स्रोतको विनियोजन र परिचालन गर्दा प्रभावकारी हुन्छ,
- प्रदेशमा भएका मन्त्रालय तथा निर्देशनालयहरूले जिल्ला स्थित कार्यालयका प्रमुखहरूसँग कार्यान्वयनमा भएका समस्या र समाधानका सम्बन्धमा समय समयमा छलफल गर्नु पर्दछ,
- आयोजना बैंक तथा MIS प्रणालीमा विवरण अद्यावधिक कार्यलाई नियमित, पूर्ण र समयमै सम्पन्न गर्ने,
- मध्यमकालीन खर्च संरचना (MTEF) तथा वार्षिक बजेट बीचको समन्वयलाई अझ मजबुत बनाउने,
- बहुवर्षीय आयोजनाहरूको कार्यान्वयनमा देखिएका ढिलाइ र समन्वयगत कमजोरी समाधान गर्ने,
- नीतिगत तथा रणनीतिक कागजातहरूको समयमै पुनरावलोकन र अद्यावधिक गर्ने,
- व्यवस्थापन प्रणाली (MIS) हरूलाई एक आपसमा एकीकृत गरी डेटा–आधारित निर्णय प्रक्रियालाई सशक्त बनाउने,
- कर्मचारीहरूलाई प्रविधिमैत्री बनाउनका लागि आवश्यक प्रशिक्षण गर्नुपर्ने,
- कर्णाली प्रदेश योजना आयोगलाई नीतिगत अनुसन्धान गरी सुझाव दिने थिङ्क ट्याङ्कको रुपमा विकास गर्न आयोगलाई अधिकार र स्रोत साधनले सम्पन्न गर्नु पर्दछ ।

# अनुसूची-१

## कर्णाली प्रदेश योजना आयोगको संगठन संरचना



## अनुसूची-२

## कर्णाली प्रदेश योजना आयोगको कर्मचारी दरबन्दी तेरीज

| पदनाम | तह | सेवा | समूह/उपसमूह | जम्मा दरबन्दी |
|---|---|---|---|---|
| प्रशासकीय प्रमुख | ९/१० तह | प्रशासन | सामान्य प्रशासन | १ |
| अधिकृत | ७/८ तह | प्रशासन | सामान्य प्रशासन | २ |
| तथ्याङ्क अधिकृत | ७/८ तह | आ.यो.त.त | तथ्याङ्क | १ |
| लेखा सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | १ |
| सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | २ |
| सहायक | ४/५ | प्रशासन | सामान्य प्रशासन | १ |
| कम्प्युटर सहायक/ अधिकृत | ५/६ तह | विविध | विविध | १ |
| हलुका सवारी चालक | विहीन | इन्जि. | मेकानिकल/जनरल | ३ |
| कार्यालय सहयोगी | विहीन | प्रशासन | सा. प्रशासन | २ |
| | | | **जम्मा** | **१४** |

# अनुसूची-३

## कर्णाली प्रदेश योजना आयोगमा कार्यरत कर्मचारीहरूको विवरण

| सि. नं. | नाम थर | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री गोपाल के.सी. | प्रशासकीय प्रमुख | अधिकृतस्तरस्तर नवौं | प्रशासन | सा.प्र. | |
| २ | श्री हरि बहादुर घर्ती | तथ्याङ्क अधिकृत | अधिकृतस्तर सातौ | आ.यो.त.त | तथ्याङ्क | |
| ३ | श्री मितलेश कुमार यादव | शाखा अधिकृत | अधिकृतस्तर सातौं | प्रशासन | सा.प्र. | |
| ४ | श्री सूर्य नेपाली | शाखा अधिकृत | अधिकृतस्तर सातौं | प्रशासन | सा.प्र. | |
| ५ | श्री तिलक प्रसाद सापकोटा | लेखा अधिकृत | अधिकृतस्तर छैठौं | प्रशासन | लेखा | |
| ६ | श्री सर्मिला थापा | प्रशासकीय अधिकृत | अधिकृतस्तर छैठौं | प्रशासन | सा. प्र. | |
| ७ | श्री भुवन कँडेल | कम्प्युटर अधिकृत | अधिकृतस्तर छैठौं | विविध | विविध | |
| ८ | श्री फणिन्द्र प्रसाद शर्मा पौडेल | प्रशासकीय अधिकृत | अधिकृतस्तर छैठौं | प्रशासन | सा. प्र. | |
| ९ | श्री उपेन्द्र न्यौपाने | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सा. प्र. | कामकाज |
| १० | श्री प्रकाश कुमार वुढा | ह.स.चा. | श्रेणी विहिन | | | |
| ११ | श्री मोहन कुमार  थापा | ह.स.चा. | श्रेणी विहिन | | | |
| १२ | श्री राकेश कुमार चौधरी | ह.स.चा. | श्रेणी विहिन | | | |
| १३ | श्री निर्मल अधिकारी | का.स. | श्रेणी विहिन | | | |
| १४ | उस बहादुर सिंह | का.स. | श्रेणी विहिन | | | |
| १५ | दिपक बुढा | माली | श्रेणी विहिन | | | ज्यालादारी |

## अनुसूची-४

## प्रदेश विकास परिषद्को स्वरुप

### कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ७ बमोजिम प्रदेश विकास परिषद्को स्वरुप

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय - सह-अध्यक्ष

(ग) प्रदेश सरकारका अन्य विभागीय मन्त्रीहरू र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरू - सदस्य

(घ) आयोगको उपाध्यक्ष - सदस्य

(ङ) प्रदेश संसदका प्रतिनिधित्व गर्ने संसदीय दलका नेता - सदस्य

(च) प्रदेश संसदका समितिका सभापतिहरू - सदस्य

(छ) आयोगका सदस्यहरू - सदस्य

(ज) प्रदेश सरकारका मन्त्रालय वा निकायका सचिव वा प्रशासकीय प्रमुखहरू - सदस्य

(झ) प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुखहरू तथा स्थानीय तहका प्रमुख वा उपप्रमुखहरू - सदस्य

(ञ) प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुर्याएका व्यक्तिहरू मध्येबाट कम्तिमा दुई जना महिला सहित प्रदेश सरकारबाट मनोनित ५ जना - सदस्य

(ट) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य सचिव

## अनुसूची-५

### प्रदेश विकास समस्या समाधान समितिको स्वरुप

### कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को दफा ३ को उपदफा (१) बमोजिम प्रदेश विकास समस्या समाधान समितिको स्वरुप

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) | मन्त्रीहरू, प्रदेश सरकार | - सदस्य |
| (ग) | उपाध्यक्ष, आयोग | - सदस्य |
| (घ) | सदस्यहरू, आयोग | - सदस्य |
| (ङ) | प्रमुख सचिव, प्रदेश सरकार | - सदस्य |
| (च) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (छ) | सदस्य सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत | - सदस्य सचिव |

# अनुसूची-६

## कर्णाली प्रदेश योजना आयोगद्वारा आ.व. २०८२/०८३ मा सम्पादित प्रमुख क्रियाकलापहरूको तस्विरहरू




परिमार्जित कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS)




परिमार्जित मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEFMIS)




**मध्यमकालीन खर्च संरचना (आ.व. २०८३/८४-२०८५/८६) पुस्तक प्रकाशन**




**कर्णाली प्रदेशको बहुवर्षीय आयोजनाहरूको विवरण पुस्तिका (आ.व. २०८२/८३) पुस्तक प्रकाशन**




दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) को स्वीकृत कार्यान्वयन कार्ययोजना




कर्णाली प्रदेश योजना आयोगको आ.व. २०८३/८४ को वार्षिक कार्यक्रम प्रकाशन





आयोजनाको प्रस्ताव तथा छनौट र आयोजना बैङ्क सम्बन्धी कानून संशोधनको मसौदासम्बन्धी छलफल एवम् अन्तरक्रिया






प्रदेश विकास समस्या समाधान उपसमितिको बैठक




प्रदेश विकास समस्या समाधान समितिको बैठक





सदस्य-सचिव श्रीमान् यज्ञ पुरीज्यूको स्वागत कार्यक्रम





बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशक समितिको बैठक





बहुक्षेत्रीय पोषण कार्यक्रम-तेस्रोको आ.व. २०८१/८२ को प्रदेश स्तरीय समीक्षा कार्यक्रम







प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक






कर्णाली प्रदेश सभाका माननीय सदस्यज्यूहरूसँग आयोजनाको प्रस्ताव तथा छनोट, आयोजना बैंक, सशर्त, समपुरक र विशेष अनुदान कार्यान्वयन विषयक अन्तरक्रिया कार्यक्रम





जिल्लास्थित प्रदेश कार्यालय, स्थानीय तहका जनप्रतिनिधी र कर्मचारीहरूका लागि आयोजनाको प्रस्ताव तथा छनोट, आयोजना बैंक, सशर्त, समपुरक र विशेष अनुदान कार्यान्वयन विषयक अन्तरक्रिया कार्यक्रम, दैलेख




पोषणयुक्त दैनिक खानाको लागत एवं क्रय शक्तिको विश्लेषण विषयमा अन्तरक्रिया कार्यक्रम




दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन अभिमुखीकरण तथा कार्ययोजना निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम, हुम्ला






विकासका लागि विधायक कार्यक्रम अन्तर्गत प्रदेशसभा सदस्यका लागि योजना तथा बजेट सम्बन्धी अन्तरक्रिया गोष्ठी कार्यक्रम





प्रदेश विकास परिषद्को चौंथो बैठक






प्रदेश विकास परिषद्को चौंथो बैठक






राष्ट्रिय योजना आयोगका सचिव श्री रविलाल पन्थज्यू सहितको टोलीको स्वागत कार्यक्रम






आयोजनाको प्रस्ताव तथा छनोट र आयोजना बैङ्क सम्बन्धी कानुनको कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रम






कर्णालीको विकासमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम







**प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक**







**SDG Acceleration Visioning Workshop कार्यक्रम**






**बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषणमैत्री वडा घोषणा कार्यक्रम, महाबु गाउँपालिका वडा नं ४, दैलेख**






बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको वस्तुस्थितीको अध्ययन र अनुगमनका क्रममा स्थानीय तहहरूको स्थलगत भ्रमण





बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको वस्तुस्थितीको अध्ययन र अनुगमनका क्रममा स्थानीय तहहरूको स्थलगत भ्रमण






पोषणमैत्री वडाको दिगोपनाका सम्बन्धमा नागरिक बहस कार्यक्रम, कालीमाटी, सल्यान







**कर्णाली प्रदेश योजना आयोगको आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समिक्षा कार्यक्रम**





**बहुक्षेत्रीय पोषण कार्यक्रम तेस्रोको कार्यान्वयनका लागि नीति संवाद कार्यक्रम**






**कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) सम्बन्धी २ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम**






बागवानी विकास केन्द्र, जुफाल, डोल्पा अनुगमन तथा निरिक्षण





हुम्ला जिल्लाको हिल्सा नाकाको स्थलगत अध्ययन र निरिक्षणका क्रममा आयोगका उपाध्यज्यू सहितको टोली



महिला स्वास्थ्य स्वयंसेविकाले आयोगका उपाध्यक्षज्यूलाई ज्ञापन पत्र बुझाउदै



राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठलाई कर्णाली प्रदेश योजना आयोगमा स्वागत





कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन कार्ययोजना निर्माण सम्बन्धी सुझाव संकलन र अन्तरक्रिया कार्यक्रम जाजरकोट (बाँया) र सल्यान (दाँया)






कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) सम्बन्धी अभिमुखिकरण कार्यक्रम दैलेख (बाँया) र जाजरकोट (दाँया)







कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) सम्बन्धी अभिमुखिकरण कार्यक्रम, डोल्पा





**कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) सम्बन्धी अभिमुखिकरण कार्यक्रम, सुर्खेत**





**कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) सम्बन्धी अभिमुखिकरण कार्यक्रम, मुगु**





**कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) सम्बन्धी जिल्लास्तरीय अभिमुखिकरण कार्यक्रम, हुम्ला**






दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन कार्ययोजना तर्जुमा सम्बन्धी विषयक्षेत्रगत समितिको बैठक





बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत स्थानीय तहका विभिन्न वडास्तर छलफल र स्थलगत अनुगमन, जाजरकोट






अन्तरप्रदेश सिकाई आदान प्रदान कार्यक्रम अन्तर्गत आयोगका पदाधिकारी र कर्मचारी टोली मधेश र कोशी प्रदेशमा






प्रदेश विकास समस्या समाधान उप-समितिको बैठक







प्रदेश विकास समस्या समाधान समितिको चौंथो बैठक






कर्णाली प्रदेशमा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रममा सरोकारवालाको भूमिका विषयक प्रदेशस्तरीय परामर्श बैठक





पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्ययोजना कार्यशाला गोष्ठी कार्यक्रम





बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि अन्तर्क्रिया कार्यक्रम






बहुक्षेत्रीय पोषण योजना तेस्रो दिगोपना सम्बन्धी अन्तरक्रिया तथा कार्यक्रम कार्यान्वयनको समिक्षा






आवधिक योजना, आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचनाबीच अन्तरआबद्धता सम्बन्धी कार्यशाला गोष्ठी







कर्णाली प्रदेशको दोस्रो आवधिक योजना कार्यान्वयन कार्ययोजना तर्जुमा सम्बन्धी निर्देशक समितिको बैठक







कर्णाली प्रदेश योजना आयोगको बैठक

कर्णाली प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल